# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY



साभारः बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

कूटदन्त ब्राह्मणलाई सही यज्ञ विषयमा जानकारी दिनुहुँदै भगवान बुद्ध

वर्ष-३९; अङ्क-७

बु.सं. २५६५, कतिंः पुन्हि

## धर्मकिर्ति संरक्षण कोषको अठारौं वार्षिक साधारण सभामा प्रस्तुत गरेका शाखाविहार हरूको वार्षिक प्रगति प्रतिवेदनहरू –

(१) **पद्मकीर्ति विहार आश्विन २०७८/७८**

यसवर्ष २०७७ सालमा कोरोना महामारी फैलिएर Lock Down भएको हुनाले पहिला-पहिला वर्षमा जस्तो धार्मिक कार्यक्रम नियमित हुनसकेन। पद्मकीर्ति विहारको धर्महलमा रहेका FLoor मा बिछ्याइएको पार्केटिङमा धमिराले बिगारेको हुदां भान्छा देखि पूरैं धर्महल तथा भगवान्को प्रतिमा स्थलसमेत पूरै नयाँ पुनः निमार्ण गरिएको जानकारी गराउँछु।

– भौतिक निर्माणको क्रममा विहारको कौसीबाट पनि पानी चूहिएकोले थप ट्रस राखी मर्मतकार्य गरेको ब्यहोरा अवगत गराउँछु।

– हरेक वर्षझैं विहारमा संस्थापिका श्रद्धेय कमला गुरूमांको बार्षिक पूण्यतिथिमा गुणानुस्मरण गरी पूण्यकार्य सम्पन्न गरियो।

– यसवर्ष २०७७ फागुण महिनामा विहारका आवासिय गुरूमांहरू करूणावती / ध्यानवती गुरूमांको प्रव्रज्याको २५ वर्षपूरा भएको उपलक्ष्यमा रजत बार्षिक उत्सव मनाउने क्रममा सामूहिक महापरित्राण पाठ गराई भिक्षुसंघमा दानप्रदानसहित सामूहिक भोजन दान गरियो।

– पद्मकीर्ति विहारको बार्षिक नियमित कार्यक्रम मध्ये यस वर्ष पनि श्रद्धालु उपासक-उपासिकालाई समेटी बौद्ध अध्ययन भ्रमणको क्रममा लुम्बिनी तथा स्वर्गद्वारीमा तिर्थाटन गरियो।

– विहारको साविक कार्यक्रमहरूमध्ये कोरोना महामारीलाई ध्यानमा राखी सामाजिक दूरी तथा सतर्कता अपनाई बेला बेलामा साप्ताहिक बुद्धपूजा मासिक भजन तथा ऋषिणी प्रव्रज्या कार्य क्रमहरू यथावत सञ्चालन भइरहेको सहर्ष जानकारी गराउँछु।

(२) **धर्मकीर्ति बसुन्धरा विहार, बसुन्धरा काठमाडौं २०७७/०६८**

– विश्वब्यापी फैलिरहेको कोविद–१९ को कारण नियमित बुद्धपूजा कार्यक्रम संचालन हुन नसकिरहेकोलाई हाल पुनः उक्त कार्यक्रम सुचारु रूपमा संचालन भएको जानकारी दिदैछौं।

हरेक तृतीयाको दिन बुद्धपूजा, परित्राण पाठ र धर्मदेशना कार्यक्रम संचालन भइरहेको छ।

– यसपाली Zoom मार्फत बुद्ध जयन्ती कार्यक्रम संचालन गरियो।

– गूंला पर्वमा सात दिन सम्म धर्मदेशना र परित्राण पाठ गरी सीमित रूपमा कार्यक्रम सम्पन्न गरियो

– बि.सं २०७७ सालमा बौद्ध परियत्ति शिक्षा परिक्षामा उर्त्तिण विद्यार्थीहरूका लागि प्रोत्साहन पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरियो। यस कार्यक्रममा सीमित मात्र विद्याथीहरू सहभागी गराई कार्यक्रम संचालन गरिएको थियो।

– बि.सं २०७८ सालमा बौद्ध परियत्ति शिक्षाको परीक्षामा सहभागी हुने विद्यार्थीहरूका लागि हप्ताको ५ पटक Zoom मार्फत कक्षा संचालन भइरहेको छ।

– यसरी नै Zoom मार्फत बुद्ध शिक्षा सम्वन्धी धर्मदेशना भइरहेको छ।

(३) **निर्वाण मूर्ति किम्डोल विहार स्वयम्भु, आ.व. २०७७/७८**

१. विहारका संस्थापक श्रद्धेय धर्मचारी गुरूमांको महाप्रस्थानको पुण्य तिथीसँग मिलाई प्रत्येक महिनाको कृष्ण त्रयोदशी का दिन बिगत साढे दुई दशक देखि सञ्चालन गरी आएको मासिक बुद्ध पूजा तथा भोजन दान कार्यक्रम अविछिन्न रूपमा सम्पन्न भयो।

२. विहारको वार्षिक कार्य सूचीमा रहेका अन्य कार्यक्रमहरू मध्ये प्रत्येक महिनाको ७ गते आनन्दकुटि विहारका भिक्षुमहासंघलाई बिहारमा निमन्त्रणा गरी गरिने संघदान, जेष्ठ पूर्णिमाको मध्यरातमा महासमय सुत्त पाठ, २०७७ को बालाचतुर्दशीका दिन दिनभरि मेत्त सुत्त पाठ, जलपान, तथा भोजनदान आदि विहारको नियमित कार्यक्रम विगतमा झैं सम्पन्न भयो।

३. पूजाको सिलसिलामा बिगत १६ वर्षदेखि भिक्षुणी धम्मवती गुरूमांको शुभजन्मोत्सवको उपलक्ष्यमा गुरूमांको सु-स्वास्थ्य एंवम् आयु आरोग्यको कामना गरी २०७७ असोज ८ देखी १० सम्म तथा २०७८ भाद्र देखि १९ सम्म ३/३ दिन लगातार पट्ठानपालिको पाठ, संक्षिप्त धर्मदेशना, तथा जलपान भोजन दानको कार्यक्रम सम्पन्न गरियो। नेपालमा दुर्लभ पट्ठानपालि श्रवण गर्न विगत वर्षहरूमा २०० देखि ३०० जना उपासक उपासिकाहरूको सहभागिता हुन्थ्यो। तर यस वर्ष विश्वब्यापी कोरोना कहरको सुरक्षा कवचका साथ विहानको एक मात्र सिमित सहभागीहरू विच पट्ठान पाठ भयो। साथै यस वर्षको कार्यक्रममा विहारका आवासिय गुरूमाहरू र अन्य ९ विहारका गुरूमांहरू सहभागी हुनुभएका थिए।

(४) **सुलक्षण कीर्ति विहार चोभार, आ.व. २०७७/७८**

– २०७७ साल श्रावण १ गते भिक्षुणी डा. अनोजा

*( क्रमशः २ पेजमा हेर्नुहोला )*

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ५३५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापक*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

बुद्ध सम्बत् २५६५
नेपाल सम्बत् ११४१
इस्वी सम्बत् २०२१
बिक्रम सम्बत् २०७८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**20th OCT 2021**

| वर्ष- ३९ | अङ्क- ७ | कतिं पुन्हि | कार्तिक २०७८ |
|---|---|---|---|


पविवेकरसं पीत्वा - रसं उपसमस्स च।
निद्दरो होति निप्पापो - धम्मपीति रसं पिवं॥

एकान्ते बास याना: शान्ति - रस त्वनाच्वंपिं
हानं धर्मया रसपान यानाच्वंपिं सत्पुरुषपिं,
मग्याइपिं जुया: पाप मदुपिं ज्वी।

एकान्त बासको रस तथा शान्तिको रस पान गर्ने सत्पुरुषलाई भय हुँदैन। धर्मको प्रेमरस पान गर्ने व्यक्ति निडर र निष्पाप हुन्छ।

**He who has tasted the Sweetness of solitude and tranquility becomes free from fear and free from Sin, while he tastes the Sweetness of drinking in the law.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय - पहिला आफूलाई सुधारौं | – | ३ |
| ३) | निग्रोध मृग जातक | – प्रकाश बज्राचार्य | ५ |
| ४) | त्रिरत्नप्रति शाक्यहरूको देन | – भुवनलाल प्रधान | ६ |
| ५) | अनन्त ज्योति–५ | – अनु. देवकाजी शाक्य | ९ |
| ६) | सम्यक दृष्टि के का लागि ? | – नानी केशरी बज्राचार्य | १० |
| ७) | स्वेतगौं चैत्य–२ | – जवनवती गुरुमां | १२ |
| ८) | प्राकृतिक दण्ड कोरोना | – लक्ष्मी हीरा तुलाधर | १६ |
| ९) | क्रोध र यसका निवारणका उपायहरू | – भावानुवाद: अमृतमान ताम्राकार | १७ |
| १०) | संवेग संग्रह | – नातीकाजी महर्जन | १९ |
| ११) | The Pet Elephant | – Ed. Francis and Thomas | २० |
| १२) | Buddhism in Nepal | – Bhikkhu Ashwoghash Mahathere | २१ |
| १३) | धर्मकीर्ति गतिविधि | – | २३ |


**धर्मकिर्ति संरक्षण कोषको अठारौं वार्षिक साधारण सभामा प्रस्तुत गरेका शाखाविहारहरूको वार्षिक बाँकी अंश ... ...**

गुरूमांको जन्मदिनको उपलक्ष्यमा जलपान भोजन दान ।

– श्रावण ६ गते भिक्षु ज्ञानपूर्णिक महास्थविर ज्यू देहावसान हुनुभएको कारणले उहाँको पुण्यस्मृतिमा श्रद्धाञ्जली अर्पण ।

– बौद्ध परियत्ति शिक्षा परिक्षा सम्पन्न । यस परिक्षामा ४० जना विद्यार्थीहरू सहभागी ।

– श्रावण २० गते वृक्षारोपण कार्यक्रम सम्पन्न । यस कार्यक्रममा १५० वटा विरूवाहरू वृक्षारोपण गरिएको थियो ।

– श्रावण २३, आश्विन ६, आश्विन ३० गते लुम्विनी विश्वविद्यालयको वैठक सम्पन्न ।

– भदौ ३ देखि, १७ गते सम्म फेसबुक मार्फत अनोजा गुरूमांबाट धर्मदेशना ।

–भ दौ २९ गते र आश्विन ४ गते ४० जना अनाथ बालबालिकाहरूलाई जलपान भोजन दान ।

– कार्तिक ८ गते सुलक्षण कीर्ति विहारद्वारा कुलेश्वर बुद्ध विहारमा बुद्धपूजा धर्मदेशना, जलपान तथा भोजन दान ।

– कार्तिक १५ गते सुलक्षण कीर्ति विहारद्वारा भक्तपुरको दुवाकोटमा बुद्धपूजा, परित्राण, जलपान, भोजनदान कार्यक्रम सम्पन्न ।

– कतिं पुन्हि देखि सकिमना पुन्हि सम्म सुलक्षण कीर्ति विहारमा ध्यान, बुद्धपूजा, परित्राण पाठ, जलपान, भोजनदान कार्यक्रम सम्पन्न ।

– डा. अनोजा गुरूमांको ५१ औ वर्षिय प्रव्रजित दिनको उपलक्ष्यमा ४० जना अनाथ बालबालिकाहरूलाई लत्ता, कपडा, तन्ना दान र सबै बालबालिका सहित उपस्थित सबै उपासकोपासिकाहरूलाई जलपान भोजन दान ।

– मंसिर २३ गते सुलक्षण कीर्ति विहार प्राङ्गणमा सम्मानिय प्रधानमन्त्री श्री के.पी. शर्मा ओली ज्यू द्वारा शान्ति सुधम्मावास (जेष्ठ नागरिक भवन) निर्माणको लागि जग हाली शुभारम्भ ।

– माघ ७गते सुलक्षण कीर्ति विहार प्राङ्गणमा आठौं महासंघनायक श्रद्धेय भिक्षु बोधिसेन महास्थविर ज्यूलाई यस मातापितु पुण्य स्मृति कोषद्वारा अभिनन्दन ।

– माघ ९ गते देखि श्रद्धेय डा. अनोजा गुरूमांद्वरा एक सप्ताह Online हिन्दी भाषाबाट धर्म प्रवचन ।

– फागुण २५ गते बुद्धिज्म सस्टेनेबल डेभलप्मेन्ट सब्जेक्टको एग्रीमेन्ट Buddhism sustainable development subject को Agreement भएको लुम्बिनी विश्वविद्यालयबाट ।

– चैत २१ गते देखि चैत्र २६ गते सम्म हुम्लामा स्वास्थ्य शिविर लत्ताकपडा बाँडफांड ।

– चैत्र २८ गते अनाथालयका बच्चाहरूलाई भोजन दान ।



## ▪ सम्पादकीय ▪

# पहिला आफूलाई सुधारौं

भगवान् बुद्ध भन्नुहुन्छ –

**"अनुपुब्बेन मेधावी थोकथोकं खणे खणे**
**कम्मारो रजतस्से'व निद्धमे मलमत्तनो"**

अर्थात्- "सुनारले अलि अलि गरेर चाँदीको कसर निखारे जस्तै मेधावी पण्डितले पनि अलि अलि गरी क्रमशः आफ्नो चित्तमल निखार्ने गर्छ।"

माथि उल्लेखित बुद्ध वचनले भनिरहेको छ, हामीले आफ्नो मन, (बानी व्यवहार) लाई हरेक क्षण जाँचिरहेने बानी बसाल्नु पर्छ। अनि मात्र आफ्नो कमी, गलती र खराबी, आफैले पत्ता लगाई त्यसलाई विस्तार विस्तारै हटाउन सक्नेछौं। जब ती खराबीहरूलाई, आफ्ना कमजोरीहरूलाई आत्मालोचन गरी निर्मूल पार्दैलान सक्षम हुनेछौं तब मात्र हाम्रो मन स्वच्छ र निर्मल बन्न सक्नेछ, यही ठोस लाभ हो हाम्रो लागि। भाग्यमानी बन्ने मौका यहींबाट प्राप्त हुनेछ।

तर यो विषय भन्न जति सजिलो छ। व्यवहारमा उतार्न त्यतिकै कठिन छ। किनभने हाम्रो मन उकालो चढ्न भन्दा ओरालो झर्न धेरै रमाउने गर्दो रहेछ। उन्नतिको पथमा चढ्नु भन्दा खाल्डोमा खस्नु नै सजिलो र रमाइलो मान्दो रहेछ। त्यसैले होला हाम्रो समूहमा धेरैजसो व्यक्ति अरुले के गर्‍यो के गरेन, फलानाको बानी यस्तो छ, फलानाले यस्तो गर्‍यो, उसले भने गर्नुहुन्छ, हामीले मात्र गर्न नहुने किन ? उ भन्दा हामी के कम ? उसको मात्र अधिकार हो ? आदि आदि भन्दै एक अर्काको दोष खोतल्दै लाञ्छना लगाउँदै झैझगडा र अशान्ति मच्चाउने काममा नै रमाइरहेका हुन्छौं। यसरी आफूले आफैलाई जाँच्ने काम भन्दा पनि अरुलाई जाँच्ने र मूल्याङ्कन गर्दै आरोप प्रत्यारोप लगाउने कार्यमै व्यस्त रहेका हामीले आफ्नो चित्तमल निखार्ने कार्य कहिले गर्ने ? आफ्नो मनलाई शुद्ध पार्ने कहिले ? आफ्नो मन शुद्ध र निर्दोष, क्लेश मुक्त पार्न नसकेसम्म निर्वाणको हेतु प्राप्त गर्नु असम्भव नै हुने रहेछ।

तर बुद्धकालिन समयमा जति पनि ज्ञानी व्यक्तिहरूले ज्ञानको खुड्किलो चढी मुक्ति अवस्था प्राप्त गर्न सफल भए, उनीहरू सबैले पहिला आफ्नो मनलाई जाँच्दै मूल्याङ्कन गर्दै चित्तमल पखाल्न सफल भए। अनि मात्र अरुलाई उक्त ज्ञान बाँड्दै धर्मप्रचार गर्दै धन्य भएर गएका देखिन्छन्। उदाहरणको लागि,

श्रावस्ती स्थित एक माहुते कुलमा हस्त्यारोहपुत्र नाम गरेको एक व्यक्तिले आफ्नो कुलवंशको कार्य **"हस्तिबशीकरण विद्या"** अर्थात् हात्तीलाई वशमा राख्ने विद्या पारंगत गरेको थियो। एकदम चण्ड स्वभावका डरलाग्दा हात्तीहरूलाई समेत वशमा राख्न सक्षम भइसकेका थिए उ। एकदिन एउटा हात्तीलाई वशमा राख्ने काम गर्दा गर्दै संयोगवश उसको मनले यस्तो विचार गर्न पुगेछ –

"के मैले मेरो सारा जीवन यी चण्ड स्वभावका हात्तीहरूलाई वशमा राख्ने कार्यमात्र गरेर विताउने ? हात्ती भन्दा पनि चण्ड स्वभावको यो मेरो मनलाई आफ्नो वशका राख्ने काम गर्नु पर्दैन मैले ? यो मनलाई वशमा नपारुञ्जेलसम्म मैले एकदिन मरेर जानुपर्ने यस संसारको प्राकृतिक नियम देखेर डराइरहनुपर्ने हुन्छ। हात्ती माथि मात्र विजय प्राप्त गरेर के गर्नु ? मरण भयबाट नै विजय प्राप्त गर्न सकेमात्र मैले वास्तविक विजय प्राप्त गर्न सक्नेछु। भएन यसरी बसेर भनी उसले संसारको वास्तविक स्वभाव अनित्यलाई स्मरण गर्दै ऊ जेतवन विहारमा गए। त्यहाँ भगवान् बुद्धको तर्फबाट धर्म शिक्षाहरू सुनी उसले जंगली

हात्तीलाई वशमा राख्नु भन्दा आफ्नो मनलाई वशमा राख्नुमा वढि महत्त्व र सार देखी मनलाई वशमा राख्ने विधि सिकी विपश्यना ध्यान गर्न थाले । तर मनलाई वशमा राख्ने कार्य त हात्तीलाई वशमा राख्ने कार्य भन्दा ज्यादै कठिन लाग्यो उसलाई माछा चिप्लिए जस्तै चिप्लिएर भाग्दो रहेछ यो चञ्चल मन त। कहिले बितिसकेका कुरा र घटनाहरू सम्भन पुग्छ भने कहिले आउँदै नआएका भविष्यका कल्पनाहरूमा डुब्न पुग्ने यस मनलाई वशमा राख्न नसकेर छट्पटिन थाल्यो त्यस हस्त्यारोपुत्र । यही समयमा उसले पहिला आफूले एकदम डरलाग्दा चण्ड स्वभावका हात्तीहरूलाई वशमा राख्ने काम गर्दा कति धैर्यतालाई अपनाउनु परेको थियो र कति कष्ट सहनु परेको थियो। कुनैबेला उनीहरूलाई अंकुश लगाउनु पर्थ्यो त कुनैबेला उनीहरूलाई आराम पनि दिनु पर्थ्यो। यसरी धेरै समय लगाई, धेरै दिमाग लगाई थुप्रै उपायहरू अपनाउँदै महेनत गरेका दृष्यहरू झल्झल्ती सम्भन थाल्यो उसले। अनि बल्ल उसले आफ्नो मनलाई बशमा राख्ने कार्यमा पनि धैर्यता अपनाई खूब महेनती र लगनशील बन्दै चित्त एकाग्र गरी वर्तमान अवस्थामा मनलाई स्थीर राख्न थाल्यो । मनलाई आफ्नो शरीर अनित्य हुँदै गइरहेको यथार्थतालाई हेर्ने कार्यमा अभ्यास गराउन थाल्यो । यसरी विस्तारै उसको मनले अनित्य बोध गर्न सफल भई मनमा रहेका राग, द्वेष र मोह रूपी मयलहरू पखाल्न सक्षम भए । फलस्वरुप उसले मुक्तिपथ प्राप्त गरी मनुष्य जीवन नै सफल पारे ।

यसरी नै हामीले पनि पहिला आफ्नो मनलाई धर्मले बोध गरी पवित्र र शुद्ध पार्दै लान सकौं । यस मेहनतलाई जारी राख्दै एकदिन मुक्तिपद नै प्राप्त गर्न सकौं । धर्मकीर्ति सबैको लागि यही सदिच्छा राख्द छ ।

## THE APHORISMS OF ASHIN JANAKABHIVAMSA

**OPPORTUNITY**

- Opportunity that comes to you is not for your enjoyment, it is for your progress.

**NO EQUALITY**

- Men are equal but there is no equality in talent and ability.

**RELATIONSHIPS**

- It is more difficult to relate with a revered person than with a person whom one does not respect (because of the kammic consequences).

**DO NOT MISUSE**

- Bhikkhus, should not misuse the lay men 's offer of the essential materials and thus commit an ill deed.

**NOBLE MIND**

- One who has a noble mind should leave the human society after dealing with people accerding to human moral code.

**SLAVES OF DESIRES**

- People have been slaves to desires while they are alive. It is not good to be candidates for hell when dead.

## लोक नीति

**यथा उदुम्बरपक्का, बहि रत्तकमेव च ।**
**अन्तो किमिहि सम्पन्ना, एवं दुज्जनहदया ॥**


भावार्थ- जसरी पाकेको डुम्री फल बाहिर रातो भएकोले हेर्दा राम्रो देखिन्छ, तर त्यसको भित्री भाग कीराले भरिएको हुन्छ । त्यसरी नै दुर्जन असत्पुरुषहरूको हृदय पनि दुषित हुन्छन् ।

**यथापि पनसा पक्का, बहि कण्टकमेव च ।**
**अन्तो अमतसम्पन्ना, एवं सुजनहदया ॥**

भावार्थ- पाकेको कटहरको बाहिरी भाग काँडै काँडा भरिएको हुन्छ । तर त्यस फलभित्र अमृत समान रस हुन्छ । त्यसरी नै ज्ञानी सत्पुरुषहरूको हृदय पनि स्वच्छ र सफा हुन्छ ।

*अनुवादक - भिक्षु अनिरुद्ध*

# निग्रोध मृग जातक



✍ **प्रकाश बज्राचार्य**

शिकारीलाई शिकारको मतलब हुन्छ अरू केहीको चासो हुँदैन । मनोरञ्जन देख्छ उसले शिकार गर्नुमै । उसलाई आफ्नो कर्तव्यको चासो हुँदैन । उसलाई अरूको कामको चासो हुँदैन । उसलाई निर्दोष जीवनहरूको ज्यानको चासो हुँदैन । शिकार गर्नु एक नशा हो शिकारीको ।

बनारशको त्यो राजा पनि ठूलो शिकारी थियो । आफ्नो काम, अरूको कामभन्दा शिकारीको काम नै ठूलो हुन्थ्यो, उसको लागि । बेला न कुबेला जनताहरू भेला गरी जङ्गलमा शिकार गर्न जाने गर्थ्यो । र शिकार थिए मृगहरू ।

जनताहरू दिक्क भइसकेका थिए । कामकाज छाडी सधैं राजाको पछि पछि लागि मृगहरू खोज्न जानाले उनीहरूलाई दाना पानी जुटाउन पनि गाह्रो भएर आयो । तब परस्पर सल्लाहा गरी सबैजना मिली जङ्गलमा गई मृगहरू सबैलाई घेरा पारी तिनीहरूलाई धपाउँदै राजाको उद्यानमा ल्याइदिए । राजालाई खबर दिइयो । हेर्न आए । सबै मृगहरू उसको उद्यानमा थिए ।

ती मृगहरूमा दुई सुनौला थिए, आकर्षक थिए, लोलालु थिए । दुबै राजा थिए । उद्यानमा दुई समूहका मृगहरूमा हरेक समूहको राजा सुनौला मृग थिए । राजाले दिनहुँ एउटा मृग मार्ने हुकुम दिए, तर ती दुई सुनौला मृगहरूलाई चाहिं कसैले नमार्नु भनेर घोषणा गरे । अब राजालाई शिकार जानु परेन । दिनहुँ एउटा मृगलाई मारी उसको अगाडि ल्याइदिन्थ्यो ।

दिनको एउटा मृग मारिनथाल्यो । जो भेटियो उसैलाई मारिने भयो । कुनै पनि मृग कति दिन बाँच्ने ती कसैलाई थाहा नहुने भयो । मृगहरूको भविष्य अनिश्चित भयो । सधैं डराएर, तर्सिएर दिन बिताउने बाहेक अरू केही नगर्ने भए । तब दुई सुनौला मृगहरू आपसमा सल्लाह गरे । दिनको एउटा मृग आफैले छानी मर्न पठाउने निधो गरे । पालैपालो गरी दुई समूहका मृगका बथानहरूबाट मर्ने मृग छानिने भयो ।

त्यो दिनदेखि आ-आफ्नो पालोमा मृगहरू सरासर गएर उद्यानको छेउमा मृग काट्नलाई बनाएको वेदीमा टाउको राख्न जान्थे । कसाइँले आई आरामसंग टाउको काटिदिन्थ्यो । मर्ने पालो एकदिन एक समहको मृगको अर्को दिन अर्को समूहको मृगको आउन थाल्यो ।

यसरी धमाधम मृगहरू काटिन थालियो ।


एकदिन । मर्ने पालो आयो एउटी पेट बोकेकी मृगणीको । मृगणीलाई आफ्नोभन्दा पेटभित्र रहेको बच्चाको ज्यानको माया लाग्यो । उनले गई आफ्नो राजा सुनौला मृगकहाँ भन्न गई, “राजन ! म दुई जिउकी छु । आज मेरो मर्ने पालो । तर मलाई मार्‍यो भने मेरो बच्चा पनि मर्ने छ । दुईवटा प्राण एकैदिन जानेछ । मेरो बच्चाले संसार कस्तो हो नदेखिकनै, जन्मन नपाउँदै मर्नु पर्नेछ । त्यसैले, महाराज, मेरो आजको मर्ने पालो सारिदिनुस् । मेरो सातो कुनै अर्कोलाई मर्न पठाउनुस् ।”

“तेरो पालो आएको तैं जानुपर्छ । तेरो मर्ने पालोमा को जान्छ र मर्न ? तँलाई जसरी प्राणको माया छ, अरूलाई छैन र ? म राजा हुँ, भेदभाव कसरी राखौं । आज तँलाई नपठाउँ, भोलि अर्कोले त्यसै भन्न आउला । तैं जानुपर्छ ।” राजाले भन्यो । उ निर्दयी थियो । राजा भएता पनि प्रजाको दुःख बाँडिलिन चाहँदैनथ्यो ।

त्यो मृग–राजालाई भनेर केही शीप नलाग्ने देखी मृगणी देस्रो मृग समूहको सुनौला राजाकहाँ बिन्ती गर्न गई, “महाराज ! म अर्को समूहको मृगणी हुँ । म गर्भिणी छु । पेटमा बच्चा छ । निर्बोध निर्दोष बच्चा । आज मर्न जाने पालो पनि मेरो । म मरें भने मेरो बच्चा पनि मर्नेछ । त्यसैले मेरो ठाउँमा आज कुनै अर्को मृगलाई मर्न पठाउनुस् । म कृतज्ञ हुनेछु । तपाइँको भलो हुनेछ ।”

सुनौला मृगले मृगणीको आँशु भरिएका दयनीय आँखाहरूमा एकैछिन घोरिएर भन्यो– “ठीक छ । तिमी जाऊ । म कुनै अर्को मृगलाई तिम्रो ठाउँमा पठाइदिन्छु ।”

*( क्रमशः ८ पेजमा हेर्नुहोला )*



# त्रिरत्नप्रति शाक्यहरूको देन

✍ **भुवनलाल प्रधान**

शाक्यमुनि सिद्धार्थले गयाको एउटा पीपलको रूख मुनि ध्यान गरिरहँदा बोधिज्ञान प्राप्त गरेका थिए । यो ईसवी पूर्व ५२८ साल वैशाख पूर्णिमाको एउटा ऐतिहासिक घटना थियो । तर यो बोधिज्ञान उनलाई त्यहाँ एक्कासि फुरेको थिएन। बौद्ध जातकहरू अनुसार त उनले यसको प्राप्तिको लागि ५५० अघिल्ला जन्मदेखि प्रयत्न गर्दै थिए । हामीहरू ती जातक कथा तिर नलागौं । तर पनि यति भन्न हामीहरूलाई करै लाग्छ कि बोधिज्ञानको उपलब्धिको लागि उनले कैयौं वर्ष अगाडिदेखि अटूट रूपले गरिआएको गहन चिन्तन, कठिन मनन, कठोर परिश्रम र अनवरत लग्नशीलता आदिको परिणाम हो । त्रिपिटक र अरू विभिन्न बौद्ध ग्रन्थहरूमा उल्लिखित भगवान बुद्धको जीवनको ऐतिहासिक पक्षका घटनाहरूलाई नियालेर हेरेमा उनलाई सम्यक् संबोधि ज्ञानको अनुरूप चिन्तन–मननतिर प्रवृत्त गराउन, उनको धर्मलाई व्यापक र प्रभावशाली बनाउन र संघलाई विशाल र सुदृढ पार्न उनको परिवार र कुलका शाक्यहरूले त्यसबेला खेलेको भूमिका नगण्य थिएन ।

राजकुमार सिद्धार्थले उनन्तीसौं वर्षमा महाभिनिष्क्रमण नगरेसम्म अर्थात् सम्यक् संबोधि ज्ञानको खोजमा सधैंको लागि घर छाडेर नगएसम्म शाक्य परिवारमा नै र शाक्यहरूसंगै जीवन बिताएका थिए । यहाँका प्राकृतिक सौन्दर्य र त्यस बेला उपलब्ध हुन सक्ने खालका जति सबै किसिमका राजसी सुखसुबिधा उपभोग गरेर सिद्धार्थले दिन बिताइरहँदा पनि उनको चिन्तनको एक मात्र विषय थियो मनुष्य मात्रको साझा समस्या – मानव जीवनको मूलभूत दुःखकष्टहरू ।

राजकुमार सिद्धार्थको मनमा रातदिन मानिसका यो अवश्यम्भावी दुःख, जरा, व्याधि, मरणको चिन्ता मण्डराइ रहन्थ्यो । यी जन्म, जरा, व्याधि, मरणबाट मुक्ति पाउने उपाय सोचेर निकाल्नु नै उनले आफ्नो जीवनको एक मात्र परम लक्ष्य बनाइसकेका थिए । उनलाई सांसारिक प्रपञ्चमा भुलाउन, इन्द्रिय सुख भोगमा आसक्त राख्न खोज्न चिन्तित राजा शुद्धोदनका सबै प्रयत्न व्यर्थ गए । राहुल कुमार पनि जन्मे । छोरा जन्मेको खबर पाएर सिद्धार्थले आफू झन् झन् सांसारिक बन्धनमा फंस्दै गएको चालपाए । यसरी मानव जीवनका दुःखहरूको मूल कारणमाथि चिन्तन गर्न र तिनको समाधान निकाल्न उनलाई प्रेरित गर्ने शाक्य गणतन्त्रमा उनान्तीस वर्षसम्म अनुभव गरेका जीवनका विकराल यथार्थताहरू महत्वपूर्ण तत्व हुन जसले पछि उनलाई बुद्धत्व प्राप्त गर्न सघाए ।

दुःखका यी अनुभूतिहरू र उग्र चिन्तनको मनोवृत्ति उसले शाक्यहरूको माझमा बिताएको जीवनैबाट आएको थियो भन्नु अत्युक्ति नहोस् ।

यस बाहेक बुद्धलाई बोधिज्ञान प्राप्त भएपछि कपिलवस्तु र कोलिय राज्यका शाक्यहरूले उनको संघलाई दरिलो पार्नेतर्फ र धर्मलाई ब्यापक बनाउने तर्फ निक्कै योगदान गरिरहे । घर छाडेर गइसके पनि बुद्धको शाक्यहरूसित सम्बन्ध निकै घनिष्ठ थियो । यस सन्दर्भमा त्रिपिटकबाट प्रमाणित भइरहेका निम्नलिखित तथ्यहरू निश्चय नै यहाँ उल्लेखनीय हुन्छन् ।

प्रथम कपिलवस्तु यात्रापछि बुद्ध वैशालीतिर फर्केर जाँदा मल्लहरूको अनुप्रिय नगरमा प्रब्रज्या लिने आनन्द, अनुरुद्ध, देवदत्त, किम्बिल र भगु खुद उनकै परिवारका शाक्यहरू थिए । यस अवसरमा उनीहरूभन्दा अगाडि प्रब्रजित गरिएका उपाली यी शाक्यहरूकै कपाल काट्ने पेशामा लागेका नाउ थिए। सानै उमेरमा सर्वप्रथम संघमा दीक्षित गरिएका ७ वर्षे राहुल बुद्धकै छोरा शाक्य कुमारै थिए । फेरि, कपिलवस्तु र कोलीय शाकयहरूको बीच रोहिणी नदीको पानी लिनेबारे हुन लागेको लडाईं भगवान् बुद्धले मिलाईदिएकोमा खुशी

भएका दुबै राज्यमध्ये प्रत्येकले दुई सय पचास जना गरी जम्मा पाँचसय शाक्यहरू संघलाई दिएका थिए । संघमा प्रवेशको लागि सर्वप्रथम माग गर्ने र अनुमति पाउने महिलाहरू प्रजापति गौतमी खुद बुद्धकै सानी आमा र उनको साथै प्रव्रजित हुने पाँच सय महिला पनि पहिले प्रव्रजित भएका शाक्यहरूकै पत्नी शाक्यहरू नै थिए। पछि राजकुमार सिद्धार्थको धर्मपत्नी यशोधरा र दिदी नन्दा पनि संघमा पसे ।

यसरी समय समयमा कपिलवस्तु–कोलीय क्षेत्रबाट प्रव्रज्या लिनेहरूको संख्या लङ्काको समन्त पासादिका अनुसार दशहजार[२६] र धम्मपद अर्थकथा अनुसार असीहजार थिए। यिनीहरू सबै वा अधिकांश शाक्यहरू नै हुनुपर्दछ। विनय पिटकबाट के थाहा हुन्छ भने भगवान् बुद्धले पटक पटक गरेको कपिलवस्तु इलाकाको भ्रमणको बेलामा असीहजार शाकय परिवारबाट असीहजार शाक्यहरूले प्रव्रज्या ग्रहण गरेका थिए ।

जे होस्, बुद्धकालीन संघमा भिक्षु भिक्षुणी हुने शाक्यहरूको संख्या निक्कै धेरे पुगेको थियो । यिनीहरू मध्ये कतिले. त बुद्धकालीन संघमा उच्च स्थान पाएका थिए। उदाहरणार्थ, दिव्यचक्षु हुनेहरूमा अग्रगण्य अनुरुद्ध, शिक्षाकामीहरूमा अग्रगण्य राहुल, स्मृतिवान् बहुश्रुत आनन्द, कालुदायीहरू एवं रात्राज्ञाको अग्रगण्य पद पाउने प्रजापति स्थविरा, ध्यानीको अग्रगण्य पद पाउने नन्दा स्थविरा, महाभिज्ञानको अग्रगण्य पद पाउने यशोधरा आदि श्राविकाहरू शाक्य नै थिए ।

शाक्यहरूलाई भगवान् बुद्धले कैयौं सूत्र, जातक कथा, उदानहरूको उपदेश र प्रश्नहरूका जवाफ दिए। आमा बाबुको अनुमति विना कोही पनि छोरालाई प्रव्रज्या नदिने विनयको नियम बुद्धले शाक्य राजा शुद्धोदनकै अनुरोधमा र शाक्य कुमार राहुलकै घटनालाई लिएर बनाएका थिए ।

शाक्य राज्यहरूमा भगवान् बुद्ध भ्रमण गर्न आएका अवसरहरूमा नै–जस्तो कि पहिलोपल्ट परिवारलाई भेट्न आएको बेला शाकय परिषदलाई वेस्सन्तर जातक, राजा शुद्धोदनलाई केही गाथा, बुद्ध वंश, महाधम्मपाल जातक आदि, यशोधरालाई चन्द किन्नर जातक, प्रजापतिलाई चुलदुक्खविभङ्गसुत्त, रोहिनी नदीको पानीको झगडा मिलाउन आएको बेला अत्तदण्डसुत्त र फन्दन, लटुकिक, दद्दभ, रुक्खधम्म, वट्टक जातकहरू, महावनमा दण्डपाणिको सम्बन्धमा मधुपिण्डिक सुत्त आदि देशना गरेका थिए ।

बुद्ध एक पटक कपिलवस्तु आएको बेला उनकै दाज्यू (काकाका छोरा) महानाम शाक्य नियमित तवरले भनेजस्तो भेट्न जान्थे। उनीलाई बुद्धले ६ः अनुस्मृति, शैक्ष जीवन, उपासक कसरी हुने, उपासक कसरी शीलवान् हुन्छ, मन कुन विषयमा लगाइ बस्ने आदि बारे देशना गरेका थिए। त्यस्तै अवसरहरूमा वप्प, शरणानि (सरकानि) शाक्य, नन्दिय, गोध शाकयहरूलाई पनि उपदेश दिएका दिए। एक पटक नयाँ सन्थागारमा बोल्दा बोल्दै भगवान् बुद्ध थाकेर लेटेका थिए। अनि भगवान्कै आज्ञा बमोजिम भिक्षु आनन्दले[२७] महानाम लगायत श्रोतावर्गलाई शैक्ष प्रतिपदा, शील सम्पन्नता आदिबारे ख्याख्या गरेका थिए। धम्मपदमा समावेश गरिएका कतिपय[२८] गाथाहरू भगवान्ले शाक्यहरूलाई नै देशना गरेका थिए ।

यसरी त्रिपिटकका कैयन् सूत्र, अनेकौं जातक कथा, श्रावक – श्राविकाहरूसित मात्र होइन गृहस्थीहरूसित पनि सम्बन्धित निक्कै प्रश्नहरूको उत्तर बुद्धले शाक्यहरूलाई उपदेश गरेका थिए। यी उदाहरणबाट बुद्ध, धर्म र संघसित शाकयहरूको घनिष्ठता केवल बुद्ध

२६. Malalasekar-Dictionary of Pali Proper Names, 1957.

२७. यस्तै अर्को सन्थागारमा बुद्धले महास्थविर मौद्गल्यानलाई उपदेश गर्ने आज्ञा दिएका थिए ।

२८. उदाहरणार्थ धम्मपद गाथा संख्या १६८ र १६९ ।

**उत्तिट्ठे नप्पमज्जेय, धम्मं सुरचितं चरे । धम्मचारी सुखं सेती अस्मिं लोके परम्हि च ॥**

यो थियो पहिलो कपिलवस्तु यात्रामा बुद्धले भिक्षाटन गर्दा बाटैमा राजा शुद्धादनलाई देशना गरेको गाथा जुन सुनेपछि उनी स्रोतापन्न भए ।

**धम्मं चरे सुचरितं, नं तं दुच्चरितं चरे । धम्मचारी सुखं सेति, अस्मिं लोके परम्हि च ॥**

यो चाहिं राजदरबारमा भोजनोपरान्त अरु उपदेश दिइसके पछि बुद्धले अन्त्यमा देशना गरेको गाथा थियो जुन सुनेपछि राजा शुद्धोदन सकृदागामी र रानी प्रजापति स्रोतपन्न भए ।

सितको पारिवारिक नातामा मात्र सिमित थिएन भन्ने तथ्य छर्लङ्ग हुन्छ ।

कपिलवस्तु- कोलीयको पतनपछि यताउता बसाई सरेका शाक्यहरूले पनि बुद्धको उपदेश अर्थात् उनको धर्मलाई यत्रतत्र फैलाए । यसरी निर्वासित भएका शाकयहरू केही उत्तरमा काठमाडौंसम्म र केही दक्षिणमा लङ्कासम्म पुगेका थिए । काठमाण्डौं उपत्यकामा आएका शाक्यहरूले यहाँ बुद्ध धर्म ल्याएका थिए । 'मूलसर्वास्तिवाद विनयसंग्रह' अनुसार भिक्षु आनन्द आउँदा यहाँ उपासक-उपासिकाहरू मात्र होइनन् भिक्षुहरू पनि थिए । त्यस्तै लङ्का वा अन्यत्र बसाइँ सर्ने गरेका शाक्यहरूले तद्तद् स्थानका निवासीहरूमा बुद्ध धर्म प्रचार गर्न नसकेको वा नगरेको भए पनि आफूहरूले परिस्थितिले दिएको हदसम्म पालना गरेको सम्भावना धेरै छ । यो पनि त शाकयहरूले त्रिरत्नप्रति गरेको योगदानकै अंश थियो ।

यही हो संक्षेपमा शाक्यहरूको त्रिरत्न – बुद्ध, धर्म र संघप्रति देन । सारांशमा शाक्यहरू बुद्धका स्वजाति मात्र होइनन्, उनलाई बुद्ध बन्न अप्रत्यक्ष रूपले उत्प्रेरित गर्ने भूमिका मात्र उनीहरूले खेलेका होइनन्, उनका धर्म संस्थापन र प्रचारमा सहायक पनि बनेका थिए, संघको गठनमा अभिन्न अङ्ग पनि भएका थिए ।

इत्यादि धेरै कारण होलान् जसको आधारमा कपिलवस्तुका शाक्यहरूले भगवान् बुद्धको पवित्र अस्थि आठ भागमध्ये एक भागको लागि दावी गर्न कुशीनगर पुगे तथा पाए पनि । यो अस्थि भाग गर्भमा राखेर शाक्यहरूले कपिलवस्तुमा एउटा स्तूप बनाए । लङ्काको बुद्धवंश अनुसार भगवान् बुद्धले ओढ्ने गरेको कम्बल यही स्तूपको गर्भमा राखिएको थियो ।

अन्त्यमा यहाँ के भन्नु पनि अनुचित न होला कि त्रिरत्न प्रति शाक्यहरूको सेवा वा देन ज्यादै गरिमामय नभए सम्राट् अशोकले बुद्ध निर्वाणको २३८ वर्ष पछि गरेको (ई.पू. ४८३–२३८=२४५ ई.पू.) आफ्नो धर्मयात्राको सिलसिलामा शाक्यहरूका थलामा जति ढुङ्गे खम्बा र चैत्यहरू बनाउन लगाए उति, लुम्बिनी, बुद्धगया, ऋषिपतन सारनाथ र कुशीनगरमा बनाउन लगाएको भन्दा कम नभएको आभास प्रसिद्ध चिनिया यात्री ह्युयन त्साङ्ग (ई. ६२९–६४३) को यात्रा वृत्तान्तबाट मिल्दछ । बौद्ध तीर्थस्थलमा नगनिए पनि कपिलवस्तु-देवदहको यो शाक्य इलाकालाई सम्राट् अशोकले किन महत्व दिए होलान् भन्ने कुरा बिलकुल विचारनीय हुँदैन भन्न मिल्ला र ? ■

**निग्रोध मृग जातकको** बाँकी अंश ...

"हजुरको जय होस् !" भन्दै मृगणीले आफ्नो बाटो तताई ।

शाही कसाँई तीन छक्क परे ।

हत्तनपत्त हातको खुकुरी त्यहीं हुत्याई दौडेर गई राजालाई भन्न गए । राजा पनि हतार–हतार गर्दै उद्यानमा आई हेर्न आए ।

मृग काट्ने वेदीमाथि टाउको राखी आँखा चिम्ली बसिराखेको थियो । सुनौला मृग । राजालाई औधि मनपर्ने सुनौला मृग आफै मर्न आएको थियो । राजा पनि चकित भयो ।

राजाले सोधे, "सुवर्ण मृग ! तिमी किन मर्न आएको ? मैले त तिमीलाई अभय दान दिन आएको थिएँ ।"

आँखा पुलुक्क उधारी सुनौला मृगले भन्यो– "राजन ! आज मर्ने पालो अर्को समूहकी एउटी गर्भ बोकेकी मृगणीको थियो । उनले मकहाँ उनको सातो कुनै अर्को मृगलाई पठाइदिन याचना गर्न आई । मर्ने पालो म अरू कसलाई दिउँ ? कोही पनि त मर्न चाहँदैनन् । त्यसैले म आफै मर्न आएको हुँ ।"

राजा प्राभावित भए । भने– "तिमी धेरै दयालु रहेछौ । भैगो मैले ती गर्भिणी मृगलाई पनि जीवन दान दिएँ । अब तिमी जाऊ ।"


"तर म त राजा हुँ । मेरो जनता एक एक गरी दिनहुँ मर्न जान परेको हेर्नुपर्छ मैले । आजको जस्तो अवस्था भविष्यमा आउँदैन भन्न सकिंदैन । त्यसैले मलाई आजै मार्नुस् ।" सुनौला मृगले फेरि थप्यो ।

राजा साँच्चै प्रभावित भयो । सुनौला मृगको आफ्नो जनता प्रतिको करुणा देखी मोहित भयो । र राजाले निर्णय गरे कि आइन्दा कुनै पनि मृगलाई मार्ने छैन, निर्दोष जीवनहरूको हत्या गर्ने छैन, शिकार गर्ने छैन ।

यो जातक कथा भगवान् बुद्धले कुमार काश्यपको आमाको सम्बन्धमा भन्नुभएको थियो । यसमा आफ्नो ज्यान दिएर पनि मृगणीको प्राण बचाउन खोज्ने सुनौला मृग स्वयं बोधिसत्व थिए । ■

# अनन्त ज्योति–५

## ( श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन जीवन, मेहनत र सद्भावनाका विषयमा )



*अनुवादक-* **देवकाजी शाक्य**

२२

– प्रथम श्रेणीका भान्छेहरू विना मानसिक तनाव र दबाब छवटा चुल्हा सम्हाल्न सक्छन् ।

– द्वितीय श्रेणीका भान्छेहरू विना मानसिक तनाव चारवटा चुल्हा सम्हाल्न र ठट्टा-हाँसो पनि गर्न सक्छन् ।

– तृतीय श्रेणीका भान्छेहरू अरूका मद्दत लिई दुई चुल्हा सम्हाल्न सक्छन् ।

– चतुर्थ श्रेणीका भान्छेहरू मुस्किलले एउटा चुल्हो सम्हाल्न सक्छन् ।

२३

– प्रथम श्रेणीका स्वयम्सेवकहरू नम्र, न्यानो र समर्पित हुन्छन् ।

– द्वितीय श्रेणीका स्वयम्सेवकहरू धैर्यवान् र परिश्रमी हुन्छन् ।

– तृतीय श्रेणीका स्वयम्सेवकहरू असंवेदनशील भई प्रतिज्ञा तोड्छन् ।

– चतुर्थ श्रेणीका स्वयम्सेवकहरू द्वेषयुक्त र अरूलाई अपमान गर्ने खालका हुन्छन् ।

२४

– प्रथम श्रेणीका मानिसहरू क्षमतावान् र नरिसाउने शान्त स्ववभावका हुन्छन् ।

– द्वितीय श्रेणीका मानिसहरू योग्य तर रिसाहा हुन्छन् ।

– तृतीय श्रेणीका मानिसहरू अयोग्य तर शान्त हुन्छन् ।

– चतुर्थ श्रेणीका मानिसहरू न योग्य न त शान्त नै हुन्छन् ।

२५

– प्रथम श्रेणीका देश र त्यहाँका जनता धनी हुन्छन् ।

– द्वितीय श्रेणीका देश गरिब तर जनताहरू धनी हुन्छन् ।

– तृतीय श्रेणीका देश धनी जनताहरू गरिब हुन्छन् ।

– चतुर्थ श्रेणीका देश र जनताहरू गरिब हुन्छन् ।

२६

– प्रथम श्रेणीको शिक्षा स्वप्रेरित हुन्छ ।

– द्वितीय श्रेणीको शिक्षा मित्रहरूका प्रोत्साहनबाट हुन्छ ।

– तृतीय श्रेणीको शिक्षा सही प्रकारको शिक्षकको प्रतिक्षामा हुन्छ ।

– चतुर्थ श्रेणीको शिक्षा सबै प्रकारका विद्यालयशिक्षालाई अस्वीकार गर्दछ ।

२७

– प्रथम श्रेणीका मानिसहरू उत्कृष्ट आदर्शद्वारा काम गर्छन् ।

– द्वितीय श्रेणीका मानिसहरू आफ्ना अनुभवमुताविक सामान्य ज्ञानद्वारा काम गर्छन् ।

– तृतीय श्रेणीका मानिसहरू आफ्ना आवश्यकता र चाहनाअनुसार काम गर्छन् ।

– चतुर्थ श्रेणीका मानिसहरू अरूलाई चोट पुऱ्याउन काम गर्छन् ।

२८

– प्रथम श्रेणीका मानिसहरू करुणायुक्त र जेहन्दार हुन्छन् ।

– द्वितीय श्रेणीका मानिसहरू करुणायुक्त हुन्छन् तर जेहन्दार हुँदैनन् ।

– तृतीय श्रेणीका मानिसहरू जेहन्दार हुन्छन् तर करुणायुक्त हुँदैन ।

– चतुर्थ श्रेणीका मानिसहरू न करुणायुक्त न जेहन्दार नै हुन्छन् ।

*क्रमशः ...*



# सम्यक दृष्टि के का लागि ?

✍ नानी केशरी बज्राचार्य

भगवान् बुद्धले ३५ वर्षको उमेरमा बोधिज्ञान प्राप्त गर्नुभएपछि बहुजन हित र बहुजन सुखको निमित्त ४५ वर्षसम्म गाउँ नगर चारिका गर्नुहुँदै प्रचार गर्नुभएको ज्ञानलाई शील, समाधि र प्रज्ञाको रूपमा विभाजन गरिएको छ । शील, समाधि र प्रज्ञा चतुआर्य सत्य अर्थात् चारवटा आर्य सत्यहरू मध्ये चौथौं आर्य सत्य "आर्य अष्टांगिक मार्ग" नै हो । यसलाई दुःख निरोधगामिनी प्रतिपदा आर्य सत्य भनिन्छ । यस आर्य अष्टाङ्गिक मार्गलाई आफ्नो जीवनको व्यवहारमा प्रयोग गर्न सक्ने व्यक्तिले मात्र दुःख निरोध गर्ने क्षमता प्राप्त गर्न सक्ने छ । त्यसैले भगवान् बुद्धले कालाम सूत्रमा अन्ध श्रद्धाले विश्वास नगर, विवेकको प्रयोग गरेर मात्र विश्वास गर्नु, गुरुले भनेको भन्दैमा विश्वास नगर, ठूलाको कुरा भन्दैमा विश्वास नगर भन्नुभएको छ ।

आर्य अष्टाङ्गिक मार्गका पहिलो खुड्किलो नै सम्यक दृष्टि हो । सम्यक दृष्टि प्राप्त गर्नको लागि कर्म र कर्मफललाई बुझ्न अत्यावश्यक छ । प्रतित्य समुत्पादका १२ वटा कडीहरूको एक आपसी सम्बन्धलाई राम्ररी बुझ्न पनि अत्यावश्यक छ ।

मज्झिम निकायको सम्मादिट्ठी सुत्तको अनुसार कुशल र अकुशल मूल बारे जान्न सक्नु पनि सम्यक दृष्टि हो । राम्रो चेतनाले गरिएको कार्य कुशल कर्म हुनेछ भने नराम्रो चेतनाले गरिएको कार्य अकुशल कर्म भइन्छ । लोभ, द्वेष, मोह, दाह, ईर्ष्या, मान आदि क्लेश गाभिएको चेतना अकुशल हो । श्रद्धा, शील, त्याग, हिरी, ओतप्प गाभिएको चेतना कुशल कर्म हुनेछ । जस्तो बीऊ रोपिन्छ, त्यस्तै फल प्राप्त हुनेछ । प्रकृतीको यस सत्य नियमको विषयमा नजानेका व्यक्तिहरू लोभको चंगुलमा फसी अरूलाई अन्याय गर्न पछि पर्दैनन् । सम्पत्ति प्राप्त गर्ने मोहमा फसी माहुरीले महको मोहमा भुली आफ्नो प्राण गुमाए जस्तै उनीहरूले पनि सम्पत्तिको मोहमा परी कुशल अकुशल कर्म रूपी बीऊ रोप्न थाल्छन् ।

यथार्थ दर्शन नै सम्यक दृष्टि हो । तर गलत धारणामा विश्वास गरी ठीक बेठीक छुट्टाउन नसकी असत्यलाई नै सत्य ठानी सो अनुसार व्यबहार गरिरहनु नै मिथ्या दृष्टि हो । उदाहरणको लागि जाडोको मौसममा नदीमा डुबुल्की लगाउँदै नुहाएर पाप पखाल्ने धारणा ।

मिथ्या दृष्टिमा जकडिएका मानिसहरू ज्ञानको कमीले गर्दा उनीहरूले कर्म र कर्मफलको वास्तविक ज्ञानलाई विश्वास गर्न सकिराखेको हुँदैन । नैतिक, अनैतिक, सदाचार र दुराचार आदि कार्यहरू कायिक, वाचिक र मानसिक माध्यमबाट कर्म रोपिरहेका हुन्छन् । त्यसैले हामीले बुझ्न सक्छौं – लोभ, द्वेष र मोहको बसमा रही हिंसा, चोरी, भ्रष्टाचार आदि मात्र दुराचरण होइन, असत्य कुरा, चुकली, कठोर वचन र बकबास आदि व्यर्थको कुराकानी सबै मिथ्याचार र दुराचरण हुन् । सदाचार बिना वास्तविक सुख सम्भव छैन । त्यसैले क्लेश दुःखको उत्पत्ति हो । क्लेश हटाउनको लागि हामीले मिथ्या दृष्टि हटाई सम्यक दृष्टि अपनाउनु आवश्यक छ ।

सम्यक दृष्टिको विपरित मिथ्या दृष्टि हो । मिथ्या दृष्टिको कारणले म र मेरो भन्ने भावनामा जोड दिंदै तृष्णा, लोभ र अज्ञानता आदि उत्पन्न हुने गर्छ । जसले गर्दा वास्तविक शान्ति प्राप्त गर्न नसकिने हुन्छ । सम्यक दृष्टिको अभावले अध्यात्मिक मात्र होइन भौतिक सुख समेत प्राप्त गर्न नसकिने अवस्था सृजना हुन थाल्छ । बुद्ध शिक्षा पढ्न र सुन्न सजिलो छ तर जीवनको

व्यवहारमा उतार्न त्यति सजिलो छैन । त्यसैले ठीक र बेठीक छुट्टाउन असमर्थ भई सारलाई असार र असारलाई सार ठानी मानिसहरू आफ्नो जीवन भ्रममा पार्दै अमूल्य जीवन व्यर्थ गुमाईरहेका हुन्छन् । शान्ति र सुख टाढिँदै गइराखेका हुन्छन् ।

चतुआर्य सत्यलाई राम्ररी बुझिसकेका व्यक्तिले संसारमा जन्मिने बित्तिकै ८ प्रकारका सांसारिक दुःखले लखेटिराखेको विषयमा बुझिसकेका हुन्छन् । यी दुःखका कारण नै तृष्णा हो भन्ने यथार्थतालाई पनि बुझिसकेका हुन्छन् । त्यसैले तृष्णा हटाउनसके दुःख हटाउन सकिन्छ भन्ने कुरा पनि बुझिसकेका हुन्छन् । त्यतिमात्र होइन यी दुःखका कारण बनेको तृष्णा हटाउन ८ वटा मार्गहरू छन् । ती ८ वटा मार्गहरू (आर्य अष्टाङ्गिक मार्ग) मध्ये प्रथम मार्ग हो "सम्यक दृष्टि" भन्ने कुरालाई पनि बुझिसकेको हुन्छ । सम्यक दृष्टि अपनाउन सकेपछि बाकी रहेका ७ वटा मार्गहरू पनि बिस्तारै पछ्याउँदै आउने हुन्छ । त्यसैले सर्वप्रथम हामीले सम्यक दृष्टिलाई नै बुझ्न अत्यावश्यक छ ।

सम्यक दृष्टि भनेको नै प्रकृतीको नियमलाई ठीक तरिकाले बुझ्ने । सम्यक दृष्टिलाई पालि साहित्यमा ३ किसिमले पनि विभाजन गरिएको देखिन्छ – १) कम्म सकता सम्यक दृष्टि २) दश वत्थुक सम्यक दृष्टि ३) चतुसच्च सम्यक दृष्टि ।

कम्म सकता सम्यक दृष्टि - यस संसारमा रहेका भौतिक सम्पत्तिहरू मानिसहरू जीवित रहुञ्जेल मात्र उनीहरूको आफ्नो भइरहन्छ । तर मृत्यु पश्चात् सबै त्यागेर जानुपर्छ । उनीहरूको आफ्नो शरीर त त्यागेर जानुपर्ने हुन्छ । तर उसले जीवनमा गरेर गएका कुशल र अकुशल कर्मफलहरू भने आगो र पानीले पनि छुन सक्दैन । मृत्यु पश्चात् ती फलहरू उनीहरूकै पछि लागेर जाने गर्छन् । त्यसैले भनिएको छ – "सब्बे सत्ता कम्मसका" ।

दश वत्थुक सम्यक दृष्टि - मानिसहरू दश प्रकारका विषयमा यथार्थ दृष्टिकोण विकास गर्नुलाई दश वत्थुक सम्यक दृष्टि भनिन्छ । उदाहरणको लागि विशुद्ध चेतनाले उपहार स्वरूप केही दिएको खण्डमा प्राप्त सुखद् फल हुनेछ । महादानको फल छ । राम्रो र नराम्रो कर्मको फल छ । मनुष्य लोक बाहेक देवलोक, ब्रह्मलोक आदि लोकहरू पनि छन् । लोकलाई बुझिसकेका श्रमण ब्राह्मणहरू पनि छन् आदि ।

दुःखको बारे सही ज्ञान हुनु, दुःखको कारण छ भन्ने वारे सही जानकारी हुनु । दुःख निवारण गर्न सकिन्छ भन्ने वारे जानकारी हुनु । दुःखको निवारण गर्ने बाटो छ भन्ने वारे जानारी हुनु आदि ।

चतुसच्च सम्मादिट्ठि - दुःखको बारे सही ज्ञान हुनु, दुःखको कारण छ भन्ने विषयमा ठीक तरिकाले ज्ञान हुनु, दुःखको निवारण गर्न सकिन्छ भन्ने विषयमा ज्ञान हुनु र दुःख निवारण गर्ने बाटो छ भन्ने बारेमा सही जानकारी हुनुलाई चतुसच्च सम्मादिट्ठि भनिन्छ ।

यसरी सम्यक दृष्टि विषयमा यथार्थ ज्ञान भएपछि सत्काय दृष्टि, बिचिकिच्छा र शिलवर्त परामर्श आदि ३ वटा बन्धनबाट मुक्त होइन्छ । यस अवस्थामा मिथ्या दृष्टिलाई निर्मुल पारिसकेको हुन्छ ।

भगवान् बुद्धले सिकाउनु भएको यी अमूल्य ज्ञानलाई हामीले अध्ययन गरी व्यवहारमा प्रयोग गर्नु अत्यावश्यक छ । व्यवहारिक जीवनमा सम्यक दृष्टिको कमीको कारणले संसारमा छलकपट, हत्या, हिंसा, चोरी, डकैती, भ्रष्टाचार, बलात्कार जस्ता जघन्य अपराधमूलक विकृतीहरूको बिगबिगी रहेको छ । जसले गर्दा मानविय जगतमा अन्याय र अशान्तपूर्ण वातावरण छाइरहेको देखिन्छ । त्यसैले व्यवहारिक जीवन शान्तपूर्ण र सुखपूर्ण तुल्याउनका लागि सम्यक दृष्टिको ज्ञान सिकाउन अत्यन्त जरुरी भइसकेको छ । ■

सन्दर्भ -

१) नानीमैँया मानन्धर (अनु) मग्ग दीपनी, काठमाडौंः बुद्धघोष महास्थविर तथा अन्य १९८५

२) भिक्षु बोधीज्ञान महास्थविर, परियत्ति शिक्षा, परियत्ति सद्धम्मपालक २०७६



# स्वेतगौं चैत्य (Shwedagon Pagoda)

✍ **जवनवती गुरुमां**
*धर्मकीर्ति विहार*

थन बिचेनं गर्भयानाः स्थापना यानातःगु (भूकम्प वया) भ्वखाय् ब्वयाः चैत्य बिचेयागु भाग त्वःधुलाः कुतुंवयाः जक सिल धैगु छगू लेखे च्वयातःगु खना । थ्व बिचेयागु गर्भे लुँया बुद्धमूर्ति ६२५ वटा, वहःया बुद्धमूर्ति ७७४६ वटा, लुँ स्वाँ, वहः स्वाँ, हेराया कलश, लुँ, वहःया छत्र इत्यादि यक्वहे स्थापना यानातःगु जुयाच्वन ।

खयूतला जग दुनेया गर्भे स्थापना यानातःगु बारे लिपातिनि च्वये धयागु बिचाः खः । अथेसां आः थन बिचेनं गर्भयाबारे खँ वःगुलिं थन हे स्वाकं जगया गर्भया बारेनं थनहे न्ह्यथंसा बांलाईताया । नापतुं च्वयायंके त्यना ।

थ्व जमिनया क्वय् जगेच्वंगु गर्भ दकले न्हापां स्वेतगौं चैत्य तपुस्सक भल्लिक बन्जाः दाजुकिजापिं व उक्कलाप जुजुं स्थापनायाःगु काले हे दयेकाः प्रतिस्था यानातःगु गर्भ खः । जगया जाः ४४ कु गाः वं धयागु नं उल्लेख जुयाच्वंगु दु । जगे जगम्हुई धुंका हेरा (Diamond) रंग (Color) या ल्वहँ पहिला न्हापां बँय् लानाः वहः रंगया ल्वहं, मोति (Pearl) रंगया ल्वहँ, नील (Sapphire) रंगया ल्वहँ, लुँ रंगया ल्वहँत थ्व बँय् लानातःगु हेराया ल्वहँया प्यंगू दिशाया प्यूगू रंगया ल्वहं घेरेयानाः थ्व घेरे यानातःगु ल्वहँया प्यंगू भुली (जोर्नी) प्यपु मैनबत्ती अटूट रुपं न्ह्याबलें च्याना च्वनेमा धकाः अधिष्ठानयानाः च्याकातःगु दु धकाः उल्लेख यानातःगु दु । बँय् लानातःगु हेरा रंगया ल्वहँ च्वःने विभिन्न किसिमया रत्नत लानाः हानं प्यंगू दिशाय् प्यंगू हेराया प्रसाद (गन्धकुटी) मन्दिर दयेकाः व गन्धकुटीइ थ्व भद्र कल्पे उत्पन्न जुयाबिज्याये धुंकूपिं बुद्धपिसं परिभोग याना बिज्याःगु सामानत प्रतिस्थायाना तःगु दु धकाः नं च्वयातःगु दु । थ्व भद्रकल्पे उत्पन्न जुया बिज्याय् धुंकुपिं बुद्धपिं व परिभोग बस्तु थथे खः –

१) ककुच्छन्द बुद्धया तुतां २) कोणागमन बुद्धया लः चालनि ३) काश्यप बुद्धया मोल्हइगु काप ४) गौतम बुद्धया केश धातु च्यापु खः । थ्व केशधातु तपुस्सक भल्लिक बन्जाः दाजु किजापिसं बुद्ध दर्शन लिपा द्वैवाचक गमन उपासक जुई धुंकाः ज्वनावःगु खः । वस्पोल तथागतं थ्व ब्यापारी दाजुकिजापिन्त केशधातु बिया बिज्यायेन्ह्यःहे सुवर्णभूमि नाँ जुयाच्वंगु थ्व बर्मा देशय् लिपा धर्मप्रचार जुई, अन न्हापाया बुद्धपिनि परिभोग चैत्य दुथाय्हे नापं स्थापनायानाः चैत्य स्थापना यायेत आज्ञा जुयाबिज्यात धयागु नं उल्लेखयानातःगु खने दु ।

उकिं थ्व चैत्य स्थापना यायेत न्हापाया बुद्धपिनि परिभोग चैत्य गन दु धकाः थाय् मालेत मनुष्यगणपिसं जक लुइके मफयाः देवराज ईन्द्र व देवतापिनि ग्वाहालिं मालाः थ्व थाय्यात लुइकल धकाः नं च्वयातःगु खने दु ।

थ्व थासे गौतम बुद्ध स्वयां न्हापा बुद्ध जुया बिज्यापिं स्वम्ह बुद्धपिं ककुच्छन्द, कोणागमन, काश्यप बुद्धपिनि परिभोग बस्तु जुयाच्वंगु, तुतां, लः चाल्नी म्वल्हुइगु काप स्वथना तःगु थाय् जुया तिगुम्भ धकाः धाइगु जुयाच्वन । ति-स्वंगू, गुम्भ - जम्मा यानातःगु थाय् जुया तिगुम्भ धका नां जुयाच्वंगु लिपा लिपा गौतम बुद्धया केश धातु (सँ) च्यापू नं नापं तया थ्व थासेहे स्वेतगौं चैत्ययात स्थापना यागु खः ।

थ्व न्हापाया बुद्धपिनिगु परिभोग बस्तु चीजयात द्यःपिसं रक्षायाना तःगु धैगु नं च्वयातःगु खने दु । थन बर्मायुनं भ्री थें द्यः दु । तर भ्रीसं धायेगु थें गणेद्यः, भिंद्यः मखु । इमिगु भाषंहे धाइगु दु । ककुच्छन्द बुद्धया तुतां यात सुलेना द्यः नं रक्षायानातःगु । कोणागमन बुद्धया लः चाल्नी, रोहिनी धयागु द्यनं रक्षयानातःगु । काश्यप बुद्धया मोल्हइगु काप दक्खिणनाम्यें द्यः नं रक्षायानातःगु । लिपा हानं थ्व स्वंगूयातनं मोभीना द्यः नं रक्षायानातःगुलिं स्वेतगौं चैत्य स्थापना यायेत्यंगु समयले थाय् मालेत थ्व द्यःपिसं नं ग्वाहालि विल धयागु उल्लेख यानातःगु दु ।

उकिं थ्व स्वेतगौं चैत्यया गर्भय् न्हापायापिं बुद्धपिनिं परिभोग बस्तुत व आः गौतम बुद्धया केशधातु नापनापं



*बहुसंख्यक बौद्ध धर्ममा आस्था राख्ने जनता रहेको देश बर्मामा स्वेतगौं चैत्य*

यक्व रत्नत हानं स्थापनायाःपिं ब्यापारी दाजुकिजा पिनि मूर्ति, इन्द्र, ब्रह्मापिं, उक्कलाप जुजु, मेलमु महारानीपिनिगु मूर्ति लुँ दयेका दुने प्रतिस्था यानातःगु दु धकाः उल्लेख यानातःगु दु ।

थ्व गर्भे आपालं मूल्यवानगु चीज बस्तुत तयातःगु जुयाः शत्रु, खुँ, डाकुँ, बदमासपिसं लुटेयाये मफयेक, स्यंके मफयेक सुरक्षाया लागि बःबः किसिम किसिमया यन्त्रत जडानयानातःगु जुयाच्वन । दकले न्हापां मिंया यन्त्र, दोस्रो लःया यन्त्र, तेस्रो हात हतियार ज्याभःया यन्त्र तनं तँ जडानयानाः व यन्त्रया द्यःने न्ह्यब्ः न या बारे त्वपुनाः व बारया द्यःने ईन्द्रं हेराया ल्वहँतं त्वपुयाबिल धकाः नं च्वयातःगु दु । व हेराया ल्वहंया द्यःने लुंः यागु चैत्य । व लुंः यागु चैत्ययात वहःया चैत्यं त्वपुयाः, वहःया चैत्ययात सिजंःया चैत्यं त्वपुयाः, थ्व सिजःया चैत्ययात तिनि सिमेन्ट ईत्यादि तनं तँ दयेका दकले न्हापां बन्जाः ब्यापारी दाजु किजा व उक्कलाप जुजुपिसं (४४) पीप्यकु तःजाः जुइक दयेकूगु खः । थ्व दकले न्हापां दयेकूबलयेयागु जाः खः । लिपा भूकम्पं स्यनाः दोस्रो पल्ट दयेकूबले ३०२ फुट जाः थाहाँवल । अनं तेस्रो भूकम्पं स्यनाः दयेकूबले व स्वयाः तः जाः जुया ३२६ फुट जुल । आःतकनं ३२६ फुट हे खः ।

थथे भूकम्पं स्यनाः दयेकूबले च्वय्जक थाहाँवनाः तजाः जुसां जग दकले न्हापां ब्यापारी दाजुकिजापिं तपुस्सक भल्लिक व उक्कलाप जुजुपिनिगु पाले स्थापना याःगु अवस्थाया, समययापालेया जगहे खः । थ्व जगे दुने वनेगु लँपु दु धाई । तर थौं कन्हे सुँनंव्यक्ति थन जगे वन धैगु मन्यना । तर न्हापा न्हापायापिं पूण्यवानपिं, ऋद्धिवान् भन्तेपिं दातापिं समाधि बलं वनावःगु, समाधि बलं खंगु धकाः च्वयातःगु दु । अन वनावपिं, खंपि व्यक्तिपिनिगु भनाई अनुसारं थ्व जगः समुद्रयां लःया लेबल (Level) नापं जोडे जुयाच्वंगु दु । जगयात तःग्वगु जहाजया आकार दयेकाः उकि द्यःने तिनि गर्भ दयेकाः च्वय् च्वयावयागु गर्भे प्रतिस्था यानातःगु सामान प्रतिस्था यानातःगु धकाः धयातःगु दु । उकिं समुद्रया लः बढेजुइबले थ्व जहाज च्वय्थाहाँ वई, समुद्रया लः क्वाहाँवनीबले थ्व जहाज क्वय् क्वाहाँवनी धकाः धयातःगु दु । थ्व जगे वनेगु लँपु आतक दनि धाई । द्वाहाँ वनेगु लुखा नं दु । वनेफुपिं थौं कन्हेया समय सु खनेमदु ।

थन जिं च्वयाच्वनातःगुला चैत्य तगिंया बारे खः । तर शिलशिलाय् बिचे गर्भयाबारे न्ह्यंथने मागुलिं जगया गर्भबारे नं थन हे न्ह्यथनागु खः ।

आः हानं बाकि तगिंया बारे न्ह्यथने त्यना । खाउँलाउँ (Khau Laun) तगिंया च्वय्यागु तगिंयात ह्योँसि (Yin Zi) धकाः धाईगु जुयाच्वन । ह्यैं धयागु छातियात धाइगु खःसा 'सि' धयागु जनी हिनेगु थैं हिनातःगुयात धाइगु खः । थथे जनी हिना तःगुथें डिजाइन पिकयाः दय्का तःगु तगिं खः थ्व तगिंया च्वय्थागु

तगिंयात धपैमाउ (Dha Bei Hmau) भन्तेपिनि भोजन तयाः नया बिज्याइगु पात्र भ्वपुका तःगुथें आकार पिकयाः दयेकातःगु तगिं खः । मेगु तगिंयात पौस्वय् (Pau Swe) धकाः धाइ । 'पौ' धयागु स्वाँ, 'स्वय्' धयागु स्वाँमाः दयेका यखानातःगु थें स्वाँ कियाः बुट्टा पिकयाः दयेका तःगु तगिं थ्व तगिंया च्वय्यागु तगिं यात फाउँयय् (Phaun Yan) धाइ । थ्व बोज्भङ्ग न्हेगूयात कयाः न्हेगू चक्का द्यतनातःगुथें च्वंक पिकयाः दयेकातःगु तगिं खः । थ्व न्हेगू चक्का जाः ४३ फुट ३ ईञ्च दु धकाः नं च्वयातःगु खने दु । 'फाउँ' धयागु फुलेजुइक 'येय्' धयागु हिनातःगु ! फुलेजुइक हिनातःगु थें च्वंक दयेकातःगु तगिं । वयांच्वय्या तगिं मुखूचागु पलेस्वाँ आकार पिकयाः दयेकातःगु जुया च्यानु (Kya Nu) 'पलेस्वाँ' मुखूचा धाइगु जुयाच्वन । अले मेगु तगिंयात ह्वय् धुंकूगु पलेस्वाँ भ्वपुइका तःगु डिजाइनं दयेकातःगु तगिंजुयाः च्याम्हाउ (Kya Mhau) अर्थात् भ्वपुइका तःगु पलेस्वाँया तगिं । च्यानु धाःगु तगिंलय् पलेस्वाँ मुखु ११५ फ्वः दुसा च्याम्हाउ धयागु तगिंलय् भ्वपुइका तःगु पलेस्वां १९ फ्वः धकाः नं धयातःगु दु । मेगु तगिंयात 'थ्वेय्' (Ywe) धाइगु जुयाच्वन । थ्व थ्वेय्यात गुलिसिनं कौ धकाः कयातःसा गुलिसिनं भिंपू धकाः नं धयातःगु खने दु । थ्व कौ भिंपू आकार पिकयाः दयेका तःगु तगिं खः । हानं थ्व तगिंया च्वय् ह्वयाच्वंगु पलेस्वाँ दिकातःगु थें (१९) भिंगू फ्वः तयातःगु, उकि द्यःने हानं (Kya Nu) तगिंले मुखूचागु पलेस्वाँ ख्वीप्यफ्व (६४) ह्वयाच्वंगु पलेस्वाँया द्यःने दिकातःगु डिजाइन दयेका तःगु खः । थ्व तगिं न्यागुया जाः नीच्यागू (२८) फुट १० इन्च दु । मेगु तगिं केराया स्वाँ मुखूचा डिजाइन दयेकातःगु ङप्योफू (Nga Pyo Bu) तगिं न्यन्यागू (५५) फुट ११ ईञ्च दु । 'ङप्यो' धयागु केरायात धाइगु खःसा 'फू' धयागु मुखूचयात धाःइगु जुया थ्व तगिंयात ङप्योफू धाःगु जुयाच्वन । थ्व चक्काया (चाकः) हिसाबं न्यखुगू (५६) चक्का (चाःक) दुसा चछ्राःलं ख्वीपु (६० वटा) न या डण्डिनं तयातःगु जुयाच्वन ।

थ्व ङप्योंफू तगिं च्वय् छत्र थीहो (Thi dans) अनै लिपा ज्वँ (ZUN) धकाः धाइगु जुयाच्वन । ज्वँ धयागु स्वो या नां खः । मेगु च्वय्यात सात्वाफु (Za Thwa Bu), थ्व नं छगू किसिमया स्वाँ हे खः । थ्वयाँ च्वय् सैफू (Sein Bu), सैं धयागु हेरा 'फू' धयागु मुखूचा खः । स्वाँया मुखूचाथैँ हेरायात डिजाइन पिकयाः छत्रे द्यःने तयातःगु खः । मेगू छगूयात डेम्योन्हा धकाः धाइ । थुगु किसिमं स्वेतगौं चैत्य म्वे निसें थ्व डेम्येन्हा तक तगिं या हिसाबं २२ तगिं दुगु जुयाच्वन ।

थ्व आः च्वयातयागु दक्व स्वेतगौं चैत्ययात गुगु किसिमं दयेकातल, थ्व जाःगुलि दु, तगिंया हिसाबं गुलि दु धैगु च्वयागु खः । भ्हीपिं स्वेतगौं चैत्य दर्शन याःवनेबले स्वेतगौं चैत्यया परिवेणे विभिन्न आश्चर्यगु मूर्ति, गं धर्मशाला आदि यक्व हे खने दु । थन च्वंपिं अतिक श्रद्धावानपिसं प्रतिस्था यानातःगु मूर्तित मध्ये प्रख्यात नां जाःगु गुगू मूर्तियाबारे छुँ सकिं बिइया नितिं न्ह्यब्वयेगु कोशिस यायेत्यना ।

१) बदम्यास्यैं फया (Brilliant Gem Buddha)

हेराया सिन्हः वा कपालय् हेराया मिखादुम्ह भगवान् । थ्व भगवान् स्वेतगौं चैत्यया छगू तगिं वा पहिलागु तगिंले स्थापनाया तःगु खः । अन सकसितं च्वय् थाहाँ वनेगु अनुमति मदु । भन्तेपिं व गुलिं गुलिं मिजँ पिन्त जक स्वीकृति दैगु जुयाः भ्हीसं तप्यंक दर्शन यायेमफुसां पूर्वद्वारया न्ह्यने वा स्वाँहानेया न्ह्यने प्रार्थनाहले (TV) क्यनातःगु दु । अन TV भ्हीसंनं दर्शन यायेफु ।

२) ल्येपले फया (Le Pele Phaya)

थ्व ल्येपले फयाया विशेषता छु धासा ल्हाःयात भ्वपुका तःगु मखुसे पल्टेयानाः तया बिज्याःम्ह भगवान्या मूर्ति खः । पूर्वद्वारया न्ह्यःने प्रार्थना यायेगु हले दुने गन्धकुटि स्थापना यानातम्ह ककुच्छन्द बुद्धया मूर्ति खः ।

३) विज्जाजोगी फया (Wijja Zawgyi Phaya)

बिज्जाजोगी धयागु थन बर्माय् न्हापा न्हापा समथ लौकिक ध्यानयात लौकिक समथय् सिद्धजुयाः तान्त्रिक विद्यासःपिं व्यक्तिपिन्त धाइगु खः । थ्व विज्जाजोगी व्यक्तिपिसं दयेकाः दानयानातःगु बुद्ध मूर्ति खः । थ्व मूर्तियाच्वय् विज्जाजोगी यागुनं मूर्ति स्थापना यानातःगु दु ।

४) स्यैं सोपु फया (Shin Saw Pu Phaya)

स्यैं सोपु धयाम्ह छम्ह थन बर्मायामहारानी खः । वस्पोल महारानीं दान बियातःगु भगवान जुयाः स्यैं सोपु भगवान् धकाः नामाकरण यानातःगु खः । थन बर्माय् ग्रह मानेयायेगु नं चलन दु । हानं बार अनुसारं नां तयेगु नं

चलन दु । थन बार अनुसार, ग्रह अनुसार भगवान् स्थापनायाना तैगु जुयाः थःगु जन्मबार अनुसारं भगवानयात पूजा याइगुनं चलन दुथें, थ्व भगवान बुद्धवार बहनी जन्म जूपिसं मानेयाइगु भगवान् दुगु कर्नरे स्थापनायाना तःगु भगवान खः । थन बर्माय् बहनी वूपिन्त राहुबार बूपिं धाइगु चलन दु । सुथेबूसा बुद्धवार, बहनी बूसा राहुधका धाइगु चलन दु ।

थ्व भगवानया ल्यूने पःखाले चिचीग्वःगु चैत्य स्थापना यानातःगु दु । भगवानया न्ह्यःने झकवा (Zagawar) धयागु स्वाँया सिमा छमा दु । व स्वाँमाय् बाह्रै महिना नस्वाक स्वाँ ह्वयाच्वनीगु खः । थ्व थन भगवानया छगू विशेषता खः ।

५) सान्दोत्वयेँ फयाः (San Taw Twin Phaya)

सान्दोत्वयें भगवान उत्तर द्वारया प्रार्थना भवनया नाप नापं लिक्क हे दु । ब्यापारी बन्जाः दाजु किजाजुयाच्वंपिं तपुस्सक व भल्लिकपिसं ज्वनावःगु शाक्यमुनि गौतम बुद्धया केशधातु गर्भे स्वथनाः प्रतिस्था याये न्ह्यः थ्व थासे पहिला लखं स्यूगु थासे स्थापना यानातःगु भगवान् खः । थ्व स्थापनायाना तःगु गुफां गर्भे वने वा जःगे वनेगु लँ पु दु धकाः नं च्वयातःगु खने दु । तर आः गर्भे वन धयागुला मन्यना । न्हापा न्हापायापिं श्रद्धावानपिं व ऋद्धिवानपिं व्यक्ति वनाः स्वयाः कंवल धयागुनं गन गनं च्वयातःगु खने दु ।

६) स्येँमथी फयाः (Shin Ma Thi Phaya)

स्येँमथी भगवान दाजु चैत्यया ल्यूने दु । दाजु चैत्य धयागु स्वेतगौं चैत्य दयेके न्ह्यः केश धातु पलख स्थापना यायेत दयेकातःगु चिग्वःगु स्वेतगौं चैत्य खः । स्वेतगौं चैत्यया जवय् दु । थ्व चैत्ययात ब्यापारी दाजु जुयाच्वंम्हं तपुस्सकं दानयाःगु जुयाः दाजु चैत्य धकाः धाल धकाः गुम्हेसिनं धाःसा गुम्हेसिनं स्वेतगौं चैत्य दयेकेत न्हापां दयेकूगु चैत्य जुयाः दाजु चैत्यधकाः धाःगु धैगु नं खँ दु । थन च्वंपिसं नाउँदो चैत्य, दाजु चैत्य धाइगु चलन दु ।

थ्व स्येँमथी मूर्ति थ्व दाजु चैत्यया ल्यूने स्थापना याना तःगु दु । थ्व मूर्ति नं विज्जाधूर (विद्याधूर) लौकिक ध्याने सिद्धिप्राप्तिम्हं छम्ह व्यक्तिं स्थापनायाना थकूगु बुद्ध मूर्ति खः ।

७) स्येँ अज्जगोण फया (Shin Ajjagona Phaya)

स्येँ अज्जगोण फयाः भगवान दाजु चैत्यया सतिक हे दु । भगाँ (Bagan) लय् च्वंम्ह छम्ह लौकिक समथ ध्याने सिद्धिप्राप्तिम्ह, ऋद्धिवानम्ह व्यक्ति यदि थःत आवश्यक जुलधाःसा लुँ वहः हे थःगु ऋद्धिं दयेके फुम्ह धकाः प्रख्यातम्ह व्यक्ति खः थ्व व्यक्तिया मिखा छगः दुगुचायागु, मिखा छगः सा थागु । छपा मिखा तःग्व छपाः मिखा चिग्वः । दुगुचायागु मिखा छगः, सा यागु मिखा छगः दुम्हजुयाः वया नाँ अज्जगोण धकाः धागु जुयाच्वन । पालिभाषं अज्ज धयागु दुगुचा, गोण धयागु सा खः । थ्व अज्जगोणं स्थापना यानाथकूगु भगवान जुयाः अज्जगोण भगवान धाइगु चलन जुयाच्वंगु जुयाच्वन । थन भगवानया छु विशेषता दु धाःसा अज्जगोणया मिखा छग्वः तःग्व छगः मिखा चिग्वःथें भगवानयात नं अथेहे मिखा छग्व तःग्वः, छग्वः, चिग्वः, यानाः दयेकातःगु जुयाच्वन ।

८) भूभूआाउ फया (Bou Bou Aung Phaya)

भूभूआँउ भगवान गुम्हेसिनं सोमवार जन्मजूपिसं प्रार्थनायाइगु कर्नरे धाःसा गुलिसिनं आइतवार जन्मजूपिसं प्रार्थनायाइगु भगवानया सःतिक धकाः धाइ । थ्व भगवानया ल्यूने धम्मचेली चैत्य नं दु धका नं च्वयातःगु दु । भगवानयात छत्रं कुइकातःगु दु ।

९) प्यादास्येँ फया (Pyada Shin Phaya)

प्यादास्येँ फया भगवान सोमवार जन्मजूपिसं प्रार्थनायाइगु भगवानया ल्यूनेया लँपुई दु । थ्व भगवान स्वेतगौं चैत्यया वरिपरि परिवेणे दुपिं बुद्ध मूर्तिइ दकले छाँट वंम्ह, स्वये बाँलाम्ह, चत्रच्वंगु मूर्ति धकाः प्रख्यात जूगु खः ।

च्वय् न्ह्यथनावयागु (९) गुंगू मूर्ति सुनं व्यक्तिपिसं श्रद्धापूर्वक भक्तिभाव पूजापाठयानाः यदि प्रार्थनायात धाःसा थ्व व्यक्तिया मनोकामना व बांलागु मनसाय पूर्ण जू धयागु बर्मीजतय् अतिकं विश्वास दु ।

खय्तला स्वेतगौं चैत्य परिवेण छचाखेरं स्वयेबहःगु सीकेबहःगु दु । उकिइ मध्ये विशेष मुख्य जूगुयात जक च्वयाच्वनागु खः । च्वय् गुंगु बुद्ध मूर्तियाबारे च्वयावये धुन । मेगु छु न्ह्यःथने, च्वयेतयना धाःसा प्यंगू द्वार लुखा अथवा स्वाहानेयाबारे व स्वाहानेया न्ह्यःनेच्वंगु प्रार्थना हल वा भगवानया बारे खः । थन चैत्यया परिवेणे च्वय्वनेगु लुखा प्यंगु दिशाय् दु । प्यंगू दिशाय् थाहाँ वनेव अःपुक पूर्व, पश्चिम, उत्तर दक्षिण दिशा मध्ये पश्चिम पाखे ... Elevator स्वाहाने व साधारण स्वाहाँने दुःसा

पूर्व, उत्तर, दक्षिण Lift व साधारण स्वाहाने तयाः चैत्य दर्शन च्वय् वनेत अःपुक स्वाहानेया व्यवस्था यानातःगु दु । उकिंयानाः वर्ष दुर्पि विरामीपिन्त चैत्य दर्शनयाः वने अःपुक याउँक हे वनाः दर्शन याःवने फु ।

थ्व स्वाहाने थाहावनाः च्वय् थ्यनेसाथं हे प्यंगू दिशाय् नं स्वाहानेया न्ह्यःने प्रार्थना यायेगु हल दु । व प्रार्थना यायेगु हले मुख्य रूपं प्यंगू दिशाय् थ्व भद्रकल्पे उत्पन्न जुइ धुंकूपिं बुद्धपिं प्यम्हसिया मूर्ति स्थापना यानातःगु दु ।

(१) पूर्वद्वार स्वाहाने न्ह्यःनेच्वंगु प्रार्थना हल वा भवने ककुच्छन्द बुद्ध मूर्ति प्रतिस्था यानातःगु दु । न्हापां थ्व मूर्तियात तायावती (Thayawati) जुजुं दानयानातःगु जूसां लिपा स्येंकू (Sin Ku) धयाम्ह जुजुं न्यागू धातुं दयेका तःगु बुद्ध मूर्ति दयेकाः स्थापनायात धैगु उल्लेख जुयाच्वंगु खने दु । अथे जूसा थ्व हल भवनयात लिपा ऊ कला धयाम्हं मर्मतयाना दानयागुलिं थ्व हल भवनया नाँ ऊ कला जुया, ऊ कला भवन धयागु नामं प्रख्यात जुयाच्वंगु खसां गुलिं लेखय् खने दु । थ्व भवन ऊ कला भवन धयागु नाँमं आःतक प्रख्यात दयाच्वंगु दु । थ्व हल भवन छगू विभिन्न रङ्गया न्हाय्कं टुक्रां डिजाइन यानाः भ्ःभ्ः धायेक दयेकातःगु दु ।

(२) दक्षिण द्वारं थाहाँ वनेगु स्वाहानेया न्ह्यःनेयागु प्रार्थना हले वा भवने नं स्येंकू (Sin Ku) जुजुं हे पञ्चधातुया बुद्ध मूर्ति दयेकाः दानयानातःगु धयागु उल्लेख दु । थन कोणागमन बुद्धया मूर्ति खः । तर भवनयात मर्मत यानाः दानयागु ऊ भरी+दो ताँम्ये (U Bhari + Daw Than Me) धयापिं दातापिंसं दानयानातःगु धयागु नं उल्लेख जुयाच्वंगु खने दु ।

(३) पश्चिम द्वारं थाहाँ वयेगु स्वाहानेया न्ह्यःनेयागु प्रार्थना हले वा भवने पहिला तायावती जुजुया महारानी दानयाःगु खःसां लिपा पुलाँजुयाः स्यनावंगुलिं १८४०, १९०० सालं छक यानाः निक्वः मर्मतयाये धुंकल ।१९०० सालं पुजोओ ताउँ (Puzun Taun) सहरे च्वम्ह ऊ आँउची+दो सोन्यो (U Aung Kyi+Daw Saw Hnjun) पिसं मर्मत यानाः दान याःगु धयागुनं उल्लेख जुयाच्वंगु खने दु । थ्व हल भवन निं नयाः बुद्धमूर्ति नापं स्येंगुलिं १९७१ साले सयादो ऊ चिन्ता प्रमुख दातापिसं काश्यप बुद्धया मूर्तियात स्थापनायाःगु धयागु उल्लेख दु ।

(४) उत्तर द्वारे थाहाँवयेगु स्वाहाने न्ह्यःने च्वंगु प्रार्थना हले गौतम बुद्धया मूर्ति स्थापना यानातःगु दु । ममेगु हलयादाता बुद्धमूर्तिया दातापिनिगु उल्लेख जुयाच्वंगु दुथे थ्व थ्व हलया व बुद्धमूर्तिया दातापिनिगु नाँ उल्लेख जूगु खनेमदु तर छगू लेखय् धाःसा प्यंगू दिशाया प्रार्थना हले स्थापना यानातःगु बुद्धमूर्तिया दाता स्येकु (Sin Ku) जुजु हे खः धकानं च्वयातःगु खना । *क्रमशः ...*

# प्राकृतिक दण्ड कोरोना

✍ **लक्ष्मी हीरा तुलाधर**, ज्याठा

विश्वलाई भयभित पार्दै लाखौं मानिसलाई
शिकार बनाउँदै
संसारको श्रृष्टिलाई नाश पार्न भयानक भाइरस
बनी आयो कोरोना ।


कलह, हत्या, हिंसा, ब्यभिचार, बेइमान र
कर्त्तव्यहीन मानिसहरूले
उत्पन्न गरेका विकृतीपूर्ण कार्यलाई विरोध गर्न
आयो कोरोना ।

प्राकृतिक प्रकोपको रुप धारण गरी विशाल
पखेटा फिजाउँदै
अदृष्य राक्षसको शुक्ष्म रुप लिई स्पर्श विहिन
भई आयो कोरोना ।

जनमानसको व्यवसाय उडाउन, भोकमरीको
अवस्था निम्त्याउन
मानिसहरूलाई घरघरमा थुनी मानसिक रोगी
बनाउन आयो कोरोना ।

एकपछि अर्को रुप धारण गर्दै बैज्ञानिक युगलाई
चुनौती दिंदै
नियत अनुसारको फल पाउने प्रकृतिको पाठ
सिकाउन आयो कोरोना ।

त्यसैले कोरोनाले दिएको पाठ बुझौं, आ-आफ्नो
नियत सुधारौं
अनि एकदिन कोरोनाले पनि हामीलाई त्यागेर
जानेछ भन्ने पनि बुझौं ।



# क्रोध र यसका निवारणका उपायहरू

## (भिक्षु विशाल ज्ञान बौद्ध दर्शनाचार्य, रुपन्देही नेपाल)

भावानुवादः **अमृतमान ताम्राकार**
*निर्वाणमूर्ति विहार, किम्डोल*

(नेपाःया न्हापांगु बौद्ध लयपौ 'आनन्दभूमि' २०७७ सालया होलिपुन्हि अंकय् प्रकाशित श्रद्धेय विशाल ज्ञान भन्तेजुयागु च्वसु "क्रोध र यसका निवारण" "अज्ञानतावश तंकालिपिं उपासक/उपासिकापिनिगु न्ह्यलं चायेकेगु हेतु च्वमि भन्ते व सम्पादक श्रद्धेय कोण्डन्य भन्तेयागु उजं कासें नेवाःभासं संक्षिप्त भावानुवाद यासें न्ह्यब्वयाच्वनागु जुल ।)

१) क्रोध छु खः ?

क्रोध अकुशल (बांमलाःगु) चित्तनापनापं उत्पत्ति जुइगु छगू चेतसिक धर्म (गुण) खः । मनय् द्वेष इर्ष्या भावं छटपट जुयाः पिज्वया वइगु तं धैगु क्रोधयागु लक्षण खः । बुद्ध पुरुषनिनिगु धापू कथं क्रोध भावना अर्थात् तं चायेगु धैगु विष घुतिनेगु सरह खः । झीगु स्वास्थ्य, शरीर बांलाकेत व मन आनन्दित यायेत अनेक कथंयागु नसात्वंसा व आमोद प्रमोदयागु वस्तु छ्यलां जक मज्यू, क्रोध रुपि विष त्वःतेमाः ।

२) अज्ञानतां क्रोध ब्वलनी ।

सांसारिक वस्तुत वालास्वये बलय् थःतयःगु व मयःगुनिताजि वस्तु ध्वदुइ अले थःतयःगु वस्तु पाखे मन क्वसालिसा मयःगु वस्तु स्पर्श याये माल वा मयःम्ह ना पह्वने मालकि द्वेष भाव उत्पन्न जुयाः व प्रति क्रोध ब्वलनि । थुकथं मयःगु ध्वदुल कि अज्ञानताया कारणं न्हूगु संस्कार ब्वलनी अले थुगु अज्ञानरूपी संस्कारं हे झीगु व्यवहारय् क्रोध जुयाः पिज्वइ ।

झीसं थःत बांलाःगु प्रयोग संरक्षण याना नीजि सम्पत्तिया रूपय् सदांया निंम्ति तयेगु मन तुनाच्वनीगुलिं सुनानं पगलः जूवलकि उम्ह मनूया अवस्था प्रति तं वइ । वास्तवय् थ्व जगतया बांलागु व बांमलागु धैगु हे मदुसा अनित्यया नियमकथं बांलाःगु वस्तु हिला बांमलानावने फुसा बांलानानं वयेफु । बांलात धकाः सदांया निम्ति प्वचिना तयेगु वा बांमला वा मयः धकाः तुरुन्त वांछ्वये फैमखु धैगु सत्य थुइके मफया वा थुम्हेस्याःनं वाःचायेके मफुगु धैगु हे अज्ञानता खः । बौद्ध दर्शन कथं अज्ञानता धैगु मसःगु मस्यूगु Innocence जक मखु बेहोसी वा अचेत वस्था (प्रमादी) यात अज्ञान धाइ ।

३) क्रोधयागु कारणं :

अज्ञानताया तुतां चुयाः पिलुइगु क्रोधया गु यक्व कारण मध्ये मुख्यगु –

क) मनं तुनाकथं मजुलकि :

जन्म नापनापं प्राणी मात्र) असंख्य इच्छा कामना नं ब्यकुं यानावइगु मध्ये छुं नं इच्छा तामलातकि व ब्यक्ति दुःखी जुइगु स्वाभाविक खःसा उगु असफलताया द्वपं कतःयात बियाः तं वय्कि, फलस्वरूप थःन उगु तं नापं गुनगुनु च्याइ ।

ख) कामवासना ताः मलातकि :

कामवासना अर्थात् सम्पत्ति मुनेगु, छेँ-बु यक्वदयेकेगु, छेँजःपिं सुथां लाकेगु, आदि थिथिकथंया भौतिक वा भावनात्मक इच्छात पूमवनकि क्रोध पिज्वया वइ । इच्छा कामनामध्ये अतृप्त यौन वासना क्रोध पिहाँ वइगुया दकले ग्यानापुगु कारण जुइफु । मनोबैज्ञानिक तय्गु अनुसन्धान अनुसार आपालं मनूतय्त जुइगु मानसिकल्वय्, डिप्रेशन आदि थीथी ल्वय्या कारण मध्ये अतृप्त यौनयात दकले च्वय् छानातःगु दु ।

ग) भय :

मनुष्य जीवनयागु शुरुवातनिसें वयात थःगु प्रिय सम्पत्ति आदिप्रिय वस्तु प्रति मायायाना तःगु वस्तु तनी, शत्रुं स्यंकाबिइ धैगु ख्याच्वलं लित्तुलिनाच्वनी । फलस्वरुप उम्ह ब्यक्तियागु दृष्टिकोण हे भयभितजुयाः अर्थात् सशंकित जुया मेपिं प्रति इर्ष्या व क्रोध ब्वलनी ।

घ) मयःपिं नापह्वने मालीगु अवस्था :

संसारय् सकल मनूतय्गु स्वभाव उतिग्यनि मखु। स्वभावयागु कारणं सुं मनू यःसा सुं मनू मयय्फु। अले थःतमयःम्ह अर्थात् विपरित स्वभावम्ह नाप ह्वनेमाःगु हुनिं नं क्रोध पिज्वइ।

ङ) इच्छा कामना बृद्धि :

जगतय् मनू जाति म्वायेगु छगू लिधंसा धयागु कामना अर्थात् आशा खः तर ई नापं कामना नं बृद्धि जू वनी अले कामना बृद्धि समस्यात बृद्धि राग, द्वेष व क्रोध ब्वलनी।

४) तं भावनां शरीरय् जुइगु लिच्व :

भ्जीगु शरीरया दुने च्वंगु खुगू इन्द्रिययागु प्रभावं चित्तय् अनेक कथंयागु क्लेश उत्पन्न जुइ। यःगु वस्तु स्पर्श जुइ बलय् मन प्रफुल्लित जुइसा उकिया विपरित मयःगु वस्तु वा अवस्था ध्वदुलकि द्वेषयुक्त चित्तलिसेलिसें तं पिहाँ वइ। इन्द्रियद्वार जुया क्रोध, द्वेष उत्पन्न जू लिसे न्हापां व फुक क्लेश रुपि संस्कारया पुसा चित्तय् पंपंचिना देतनाच्वनीसा प्रतिकूल परिस्थिति वलकि मुनाच्वंगु उगुपुसां हाकयाः वचनया रूपय् वा शारीरिक कर्मया रूपय् दनावइ। क्लेशयुक्त चित्तयागु स्थिति (अवस्था) यात ३ गू ब्वय् ब्वथलातःगु दु –

४.१ अनुसय भूमि : चित्तय् उत्पन्न विकार तत्काल भङ्ग जुयाः पिहाँ मवसे सुषुप्त अवस्थाय् मनया दुने लुकुं बिया च्वनीगु अर्थात् पुसाया रूपय् च्वनाच्वंगु विकारयात अनुसय भूमिइ च्वनाच्वंगु धाइ।

४.२ परियुट्ठान भूमि : अनुकूल अवस्था वलकि मनोद्वारं सकृय जुयाः पिहाँ वयेत स्वइगु द्वेषयागु अवस्थायात परियुट्ठान भूमि धाइ अर्थात् च्वय् न्ह्यथनागु अनुसय भूमिइ सुलाच्वंगु विकारयात पाय्छिगु अवस्था चूलातकि दना वइगु अवस्था खः।

४.३ वितिकम्म भूमि : थ्व अवस्थाय् शरीर व चित्तया दुने मुनाच्वंगु क्लेश दासि वयाः मनोकार पिने शरीर वा वचन रुपि कृया जुयाः प्रकट जुइगु अवस्था खः। तं पिकयाः म्हुतु वायेगु वा ल्हाः वायेगु अवस्था वितिकम्म भूमि खः।

५. क्लेश प्रहाण :

श्रद्धेय भन्ते पाखें न्ह्यब्वया बिज्याःगु थुगु च्वसुयागु दकले महत्वपूर्ण व ब्यावहारिक ज्ञान थुगु अध्यायस कुलातःगु जुल।

तथागत सम्यक सम्बुद्धं अभिधम्मय् देशनायाना बिज्याः कथं मनय् लिकुना च्वंगु क्लेश रुपिफोहोर ३ गू किसिमं लिगना छ्वयेगु वा नियन्त्रणय् तयेफु।

शीलवान् जुया : आचरण शुद्ध यायेगु हेतु तथागतं देशना यानातःगु शिलपालना यानाः मन, वचन, कर्म प्रकट जुइगु वितिकम्म भूमिइच्वंगु क्लेशयात कजय् (नियन्त्रण) याना तयेफुसा अनुसयभूमि व परियुट्ठान भूमिइ बास यानाच्वंगु कलेश धाःसाल्यना हे च्वनी। थुकथं लिकुना च्वंगु क्लेश परिस्थिति अनुकूल जुलकि पिज्वया वयेफुगु अवस्थायात बौद्ध साहित्यय् तदङ्ग प्रहाण अर्थात् शीलया बलं पनातःगु अवस्था धाई।

समाधि अभ्यास याना : समाधि अर्थात् ध्यानभावनाया अभ्यासं परियुट्ठान भूमि उत्पन्न जुया च्वनीगु क्रोध रुपि क्लेशयात चीका छ्वयेफु। तर थुगु अभ्यास चित्त सन्तति अर्थात् चित्तया धाःलय् लुकुं बियाच्वंगु क्लेश धाःसा ल्यनाहे च्वनी अले पाय्छिगु लकस चूलातकि क्रोधया रूप कयाः प्रकट जुइ। अकिं समाधि जक पुष्ट जुयां मगाः समाधि धुंकाःयागु त्वाथः अर्थात् प्रज्ञा पुष्ट जुइहेमाः।

प्रज्ञा बल : प्रज्ञायाअर्थ खः ज्ञान अथवा जः। गथे ज्वालाज्वाला थीगु जः (प्रकाश) नं ख्यूंगु अवस्था चीका छ्वई प्रज्ञायाबलं मानव चित्तय् लिकुनाच्वंगु फुक्कं संशय (अज्ञानता चिलावनी। बौद्ध दर्शन कथं थुगु अवस्थायात प्रज्ञा रुपिल्वाभः छ्यलेगु धाई। बुद्ध शिक्षा नालाः मिथ्या दृष्टि चिइका छ्वयेगु धैगु प्रज्ञा रुपिल्वाभः छ्यलेगु खः शील, समाधि व प्रज्ञा क्वात्तुक कय्च्याना विपश्यना ध्यानया लिधंसाय् यथार्थ ज्ञान दर्शन यानाः च्वये उल्लेखित ३ गू हे कथंयागु अवस्थाय् लिकुना च्वंगु क्लेश प्रहाण अर्थात् त्याग याये फइ। थःत अनेककथं दुःख बियाच्वंगु दोषं व क्लेशं मुक्त जुइगु धैगुयात समुच्छेद प्रहाण धाइ।

६. क्रोध समाधानया लँपु :

सत पुरुष तय्गु धापू कथं दुःखया कारण धैगु मनूतय् मनय् लुया वइगु अनेक किसिमयागु विचारयात पाय्छि कथं कजय् यानातये मफैगुलिं हे खः। परापूर्व कालं निसें हे मनू धयापिं मनया दास अकिं बुद्ध पुरुषपिसं साधकपिन्त बेहोशी जुयाः मनया दास मखु थः हे मालिक जुयाः थःगु शरीर थम्हं हे चले यायेमाः धकाः अर्ति


बियाःतगु जुल । मनयात विवेकपूर्ण कथं छ्यल्ले फुसा जीवनय् वइगु पंगलः चिइकेत गर्न वनाः प्रार्थनायाः वनेगु वा ज्योतिषत क्यंवनेगु अवस्था हे वइमखु । ब्याक्कं खँ बहःचाहाकलं धाये माःसा मनुष्य जातियागु थीथीकथंया समस्याया हा धैगु हे अज्ञानी मन खः । शान्तिया निम्तिं गृह त्यागयाना जोगीजुया बनजंगलय् वने माःगु मदुसा, क्रोध शान्तिया हेतु थथे गृहत्याग सही समाधान मखु, अकिं दकले न्हापां समस्या म्हीगु थःगु हे कारणं उत्पन्न जुइगु वास्तविकतायात थुइकाः समाधानला लँपु नं थःथम्हं तुँ हे ज्यानायंकेगु बुद्धिमानी खः ।

दिपाकाये न्ह्यः व क्रोध नियन्त्रण यायेत जिं थुइकागु –

- शिलाचरणं विशुद्धगु पुसा (मूलबिउ / Foundtion Seed) यागु ज्या याइ ।
- समाधिं (विपश्यनाध्यान आदि) मल, जल व चा क्वायेगु ज्या याइ । अले
- प्रज्ञां बां बांलाःगु पुस्तगु फलह्वयेका बिई ।

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | २०७८ साल | बुद्ध पूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | भाद्र २९ गते अष्टमी, मंगलवार | वीर्यवती | वीर्यवती |
| २ | आश्विन १ गते, संक्रान्ति, शुक्रवार | पञ्ञावती | पञ्ञावती |
| ३ | आश्विन १३ गते, वुधवार | मेत्तावती | मेत्तावती |
| ४ | आश्विन २० गते, औंशी, बुधवार | खेमावती | खेमावती |



## संवेग संग्रह

✍ **उपासक नाती महर्जन**, पुल्चोक

१) अहो ! नव वैशं जाया वःपिं युवापिंनं मचायेकं बुलुहुँ बृद्ध वृद्धा जुया वनेमाः खनी ।

२) अहो ! स्वर्गया भूवनय् च्वंपिं अप्सरा थें बांलाः पिनिनं ख्वाः स्येस्ये कुना वं खनी ।

३) अहो ! माया ममतां जाय्का च्वपिन्तं आका झाकां छन्हु शोकं मत्वःतू खनी ।

४) अहो ! तसकं हे हेमखेम दयाः न्ह्याइपुक हना च्वंपिंनं छतानिता खँय् बायाच्वं खनी ।

५) अहो ! उमेर पूर्ण दीर्घ आयु जुया च्वंसां छन्हु मृत्युया शरणे वनेमाः खनी ।

६) अहो ! जिद्दि व घमण्डी पिसंथः पासाभाई पिनिगु खँयात बेवास्ता याःसां अन्तिम घडी ग्वाहाली फ्वं खनी ।

७) अहो ! पूर्खां निसें भोग बिलासय् जाःपिंनं छन्हु बिनाश जू खनी ।

८) अहो ! शिल्प शिक्षा व पेशा (लजगाः) सयेकातःपिं नं छन्हु भिक्षा फोना नः खनी ।

९) अहो ! गुणी व यशश्वी पिंनं अमाइया मिला थें बुलयाः ख्युंया वं खनी ।

१०) अहो ! लोकया न्ह्यःने भव, भोग पूर्ण जुया च्वंपिंनं छन्हु विपत्ति लाःवं खनी ।

११) अहो ! संसारिक सुखं बिलिबिलि जाःसां भय व दुःखं मप्वं खनी ।

१२) अहो ! परिपक्व जुइक ज्ञान धर्मया बाखं कने फुपिं पण्डित धाःपिं अन्तिम घडि ध्वादः जुया वं खनी ।

१३) अहो ! पुण्यया बलं पूर्खां निसें श्रीपेच ग्रहण याःपिं जुजुपिं नं थौं साधारण रूप कयाच्वंगु म्ही सकलसिनं खना च्वना ।

## धर्मकीर्ति पत्रिकालाई सहयोग

**दाता मोतीलाल शिल्पकार, जावलाखेलबाट**

**रु. ५००/–**

# The Pet Elephant

✍ **Ed. Francis and Thomas**

One upon a time, while Brahmadatta was king of Benares, the Bodhisatta was born of a brahmin family. On growing up he left his worldly home and took to the religious life, and in time became the leader of a company of five hundred anchorites, who all lived together in the region of himalaya.

Amongst the anchorites was a headstrong and unteachable person named Indasamanagotta. He had a pet elephant. The Bodhisatta sent for him when he found this out, and asked if he really did keep a young elephant? "Yes" "Well", the Bodhisatta said, "When elephant's grow up they kill even those who foster them; so you had better not keep it any longer." But I can't live without him, my Teacher ! was the reply. "Oh well." said the Bodhisatta, "You'll live to repent it."

How be it he still reared the creature, and by and by it grew to an immense size.

It happened once that the anchorites had all gone far afield to gather roots and fruits in the forest, and they were absent for several days. At the first breath of the south wind the elephant fell in a frenzy. "Destruction to this hut !" Thought he, "I'll smash water - Jar ! I'll overturn the stone bench ! I'll tear up the pallet ! I'll kill the hermit, and then off I'll go !" So he sped into the jungle, and waited watching for their return.

His master came first, laden with food for his pet. As soon as he saw him, he hastened up, thinking all was well. Out rushed the elephant from the thicket, and seizing him in his trunk, dashed him to the ground, then with a blow on the head crushed the life out of him; and madly trumpeting he scampered in to the forest.

The other anchorites brought this news to the Bodhisatta, said he, "We should have no dealings with the bad, and then he repeated these two verses.

Friendship with evil let the good eschew,
The good, who know what duty bids, them do;
They will work mis chief, be it soon or late,
Even as the elephant his master slew.
But if a kindred spirit thus shalt see,
In virtue, wisdom, learning like to thee,
Choose such an one to be thy own true friend,
good friends and blessing go in company.

In this way, the Bodhisatta shewed his band of anchorites that it is well to be docile and not obstinate. Then he performed. Indasamanagotta's obsequies, and cultivating the excellences, came at last into Brahma's heaven. ■ *Source: Jatak Tales*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**

*जन्म :*
*वि.सं. १९८५ असार १५ गते*




*दिवंगत :*
*वि.सं. २०७८ आश्विन ९ गते*

**दिवंगत रत्न प्रभा तुलाधर, भोटाहिटी**

अनन्त गुणं जाःम्ह जिमि सम्धिनी **रत्न प्रभा तुलाधर** ९३ दँया वैशय्
थःगु नश्वर देह त्याग याना भाल ।
दुःख कयाच्वंगु थुगु इलय् वय्कःया परिवारया दुजःपिसं संसारया त्रिलक्षण स्वभावयात
थ्वीकाः धैर्य धारण याय् फय्मा धकाः कामना यानाच्वना ।

**सानु छोरी तुलाधर (सम्धिनी)**
**म्ह्याय् सपना तुलाधर कंसाकार – जिलाजं प्रज्वल वीर सिं कंसाकार**
**छ्यपिं : सुकीर्ति कंसाकार, नीरभ वीर सिं कंसाकार**

# Buddhism in Nepal



✍ **Bhikkhu Ashwoghash Mahathere**

Nepal is the land of the Birth of Gautam Buddha and the Mount Everest. Though it is the birthplace of the Buddha there needs a lot to be done to propagate his teachings here.

India is the Karmabhoomi of the Buddha. I am happy to see that in India Buddhism is taught in Schools, colleges and universities in India. And, books on Buddhism are published too. I myself completed my high school and intermediate from U.P. Illahabad Board, and studied Pali language at Benaras Hindu university.

I mentioned India as the Karmabhoomi (Land of action) of the Buddha. At the time of the Buddha, there was no India and Nepal as such. According to Pali literature and history, at that time the whole region used to be called Jambudipa. And, Jambudipa of that time covered not only India, Nepal, Pakistan, Bangladesh but might even covered Burma, Malaysia, Indonesia, Cambodia of today. only later, countries as such India, Nepal etc came into being. In today's political boundaries, holy sites like Lumbini, the Buddha's birthplace, Kapilvastu, Devadaha, Ramagrama lies in Nepal. And, holy sites, like Buddhagaya, Sarnath, Kusinagara, Sravasti lies in India. Prince Siddhartha was enlightened in Buddhagaya, and started teaching in Saranath. Then, he spent 45 years teaching the Dhamma. Out of the 45 years, he spent 25 years in Sravasti. Besides, he spent time in Rajagriha, Varanasi, Kusinagara etc. in Pali literature, it is mentioned that the Buddha taught his teachings in Himavata Pradesh. And, Nepal is the land of himalayas. Thus, I mentioned that Nepal is the land of the Buddha's birth and India is the land of the Buddha's action.

In Pali literature, it is mentioned about Takshasila University also. Takshasila lies in modern Pakistan. It is mentioned about Kapilvastu and Piparhawa. And, Kapilvastu lies in modern Nepal and Piparhawa lies in India. To raise any conflict regarding whereabouts of Kapilvastu and Piparhawa would be merely out of ignorance. It is true that Indian government has developed Piparhawa whereas Kapilvastu in Nepal is yet to be developed. Emperor Ashoka

Emperor Ashoka visited Lumbini and erected Ashoka pillar there depicting that the Buddha was born there. Thanks to the Ashoka pillar that because of it, there is no issue about the birthplace of the Buddha.

After the emperor Ashoka, there started different interpretations of the Buddha's teachings and started divisions into different schools and groups. People started to forget Buddha's teachings to go beyond groupism and communalism. People started to be attached to and put more emphasis on promoting and strengthening one's own sects and groups rather than on spiritual growth. Purifying one's own mind and actions was not given the priority. Then there started the construction of Buddha Images and rituals to gain popularity. Bhakitmarga (Path of Devotion) became more important than Gyanmarga (Path of Wisdom). As the monks at that time started to construct Buddha images and rituals and worshipping of images, people in general also started to follow the path of devotion and rituals and moral and inner purification were not emphasized. As a result, Buddhism disappeared in India.

Because of emperor Ashoka's initiatives to send Buddhist missionaries out to many countries in the region, Buddhism flourished in many countries, like Burma, Thailand, Srilanka, Indonesia etc.

According to the Buddhist history, Emperor Ashoka sent his daughter Charumati to Nepal. Princess Charumati got married with the prince of Nepal and lived in Nepal. It is believed that Princess Charumati built a monastery called Chabahil in Kathmandu. There are four Ashoka stupas in Kathmandu valley.

**Buddhism in Nepal**

In Nepal, there are numerous Buddhist monasteries, stupas, Chaityes, and Buddhist atmosphere is alive. Northern Himalayan region is full of Buddhist cultures, traditions, monasteries.

In Kathmandu valley, Buddhism is alive. There are lots of Buddhist stupas and monasteries. Buddhist ceremonies and pujas are held daily. There is Buddhist atmosphere.

But, the Buddhist atmosphere and traditions as practiced in Nepal cannot termed a pure Buddhist way. As per the Buddha's teachings, his disciples are not supposed to be engaged in blind faith and rituals. They are supposed to lead a life of moral and mental purification. Today, most of the Buddhists in Nepal are engaged in blind faith and rituals. Brahmanism has taken root in Nepal and it has influenced Buddhism too. True form of Buddhist way of life is difficult to find.

History shows that Buddhism was flourishing in Kathmandu Valley till the time of King Jayasthiti Malla. There were numerous Buddhist monasteries and schools full of monks. Prior to that, Lichhavi Kings were Buddhists too. King Jayasthiti Malla forced Buddhist monks to disrobed and then to lead household lives.

**Revival of Theravada Buddhism**

Revival of Theravada Buddhism began 60-65 years ago. Nepalese monks trained in Burma and Srilanka came back to Kathmandu valley and started teaching. The pioneers were Ven. Mahapragya, Ven. Pragyananda, Ven. Amritananda and so on.

After the coming back of Nepalese Theravadian monks to Nepal, Theravada Buddhism is gradually reviving now in Nepal. Prior to that many people were not even aware that Buddha was born in Lumbini. And, it was very difficult to go to Lumbini in those days. They were not aware that Buddha was born on Vesakh Full moon day. Now, people celebrate Vesakha day, and it is a national holiday. There is direct road link to Lumbini.

At present, monks and nuns are teaching Buddha's teachings. They are quite active in teaching the general public, publication of Buddhist literatures, going to rural areas and social works. They are also involved in conducting rituals and traditions. May be because it is difficult get people's support without rituals and traditions.

The teachings of equality, against caste system and teachings of purification against blind faith and rituals are not easily accepted by the society, as there are strong influences of Brahminism. Only intellectuals accept these teachings.

In Nepal, more than 50% of the population are Buddhists. But most of them donot know what is their true religion. They worship Buddha as well as many other gods and deities.

Peaceful co-existence

Nepal is a unique example of religious harmony and co-existence. There is no conflict between Hindus and Buddhists. Hindus go to Buddhist monasteries and Buddhists too go to Hindus temples. There are no discriminations. It is far better to live together in harmony than fight in the name of religion. Even Hindus and Muslims live together in harmony and peace. This is the uniqueness of Nepal, the land of Buddha's birthplace ! ■

पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ।।
यही नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS

बिश्व मोटर ट्रेडर्स
ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं.: ०१-४२३८१४७, ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको
साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# धर्मकीर्ति विहार संरक्षण कोष अठारौं वार्षिक साधारण सभा सम्पन्न





*२०७८ आश्विन १६ शनिवार, धर्मकीर्ति धम्महल ।*

यसदिन भिक्षुणी धम्मवती गुरुमांको सभापतित्वमा धर्मकीर्ति विहार संरक्षण कोषको अठारौं वार्षिक साधारण सभा सम्पन्न भएको छ। कोषका सहकोषाध्यक्ष अरुणसिद्धि तुलाधरले सञ्चालन गर्नुभएको उक्त सभामा धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भएको थियो भने खेमावती गुरुमांले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

धम्मवती गुरुमांले दियो बाली उद्घाटन गर्नुभएको उक्त सभामा कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले कोषको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा धर्मकीर्ति विहारबाट वर्मामा बुद्ध शिक्षा अध्ययन गर्न जानुभएकी जवनवती गुरुमांले शासन धज धम्माचरिय परीक्षा उत्तिर्ण गरी फर्कनु भएको उपलक्ष्यमा धम्मवती गुरुमांले उहाँलाई खाता ओढाई सम्मान गर्नुभएको थियो ।

प्रगति प्रतिवेदन प्रस्तुत गर्ने शिलशिलामा कोषका कोषाध्यक्ष अजयरत्न स्थापितले कोषको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएपछि धर्मकीर्ति विहारका विभिन्न शाखा विहारहरूले पनि यसरी प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएका थिए –





*भिक्षुणी धम्मवती गुरुमांको सभापतित्वमा धर्मकीर्ति विहार संरक्षण कोषको अठारौं वार्षिक साधारण सभा सञ्चालन*

| क्र. सं. | विहार | प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुने व्यक्ति |
|---|---|---|
| १ | श्रद्धाकीर्ति विहार, चःमति | श्रद्धाचारी गुरुमां |
| २ | सुलक्षणकीर्ति विहार, चोभार | पञ्ञावती गुरुमां |
| ३ | धर्मकीर्ति वसुन्धरा विहार, वसुन्धरा | पञ्ञावती गुरुमां |
| ४ | पद्मकीर्ति विहार, कमल पोखरी | अगम्यरत्न कंसाकार |
| ५ | निर्वाणमूर्ति किम्डोल विहार, स्वयम्भू | अमृतरत्न ताम्राकार |

त्यसपछि धर्मकीर्ति विहार संरक्षणकोषका विभिन्न ईकाइहरूबाट यसरी वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएका थिए –

| क्र. सं. | ध.की.वि.सं. कोषका इकाईहरू | प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुने व्यक्ति |
|---|---|---|
| १ | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी | लोचनतारा तुलाधर, सचिव |
| २ | धर्मकीर्ति पत्रिका | इन्द्रमान महर्जन, व्यवस्थापक |
| ३ | धर्मकीर्ति बुद्धपूजा कमिटी | इन्द्रकुमार नकर्मी, संयोजक |
| ४ | धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन | अरुणसिद्धि तुलाधर |
| ५ | धर्मकीति शिक्षा सदन | दीना कंसाकार |
| ६ | धर्मकीर्ति परियत्ति केन्द्र | केशावती गुरुमां, संयोजक |
| ७ | धर्मकीर्ति भ्रमण कमिटी | केशावती गुरुमां, संयोजक |
| ८ | धर्मकीर्ति पब्लिक इमेज कमिटी | पञ्ञावती गुरुमां, संयोजक |
| ९ | धर्मकीर्ति स्वास्थ्य कमिटी | रोशनकाजी तुलाधर, संयोजक |

कार्यक्रममा आर्थिक वर्ष २०७८/७९ का लागि पनि कल्याण वंशी तुलाधरलाई नै लेखा परिक्षकको रूपमा नियुक्ति गरिने प्रस्तावलाई सर्व सम्मत्तिबाट पारित गरियो ।

यसरी नै हाल धर्मकीर्ति संरक्षण कोषले सूचना तथा जन सम्पर्क इकाई खडा गरिएको विषयमा पनि सभामा जानकारी गराइएको थियो ।

पञ्ञावती गुरुमांले धर्मकीर्ति पब्लिक इमेज कमिटीको कार्य सूचना तथा जन सम्पर्क ईकाईसंग मिल्दो जुल्दो भएको कारण पब्लिक इमेट कमिटीलाई जनसम्पर्क इकाईमा गाभ्दा राम्रो हुने प्रस्ताव राख्नु भएकोमा सर्व सम्मतिबाट उक्त प्रस्ताव पास गरियो ।

धर्मकीर्ति संरक्षण कोषमा गुरुमांहरूको संख्या बढाउनु पर्ने महसूस गरी पञ्ञावती गुरुमां र जवनवती गुरुमांलाई कार्यकारिणी सदस्यमा गाभ्ने प्रस्ताव राखिएकोमा उक्त प्रस्ताव अनुमोदन गरियो ।

हालको लागि नयाँ खडा गरिएको सूचना तथा जनसम्पर्क इकाईमा ७ जना सदस्यहरू समावेश गरियो ।

कार्यक्रमको अन्त्यमा भिक्षुणी धम्मवती गुरुमांले ओवाद दिनुहुँदै भन्नुभयो –

“**समग्गान तपो सुखो**” अर्थात् कुनै पनि संस्थाका सदस्यहरू बिच एक आपसी मेल मिलाप हुनु अत्यन्त जरुरी हुन्छ । जहाँ मेल-मिलाप हुन्छ, त्यहाँ समस्याहरू समाधान गर्ने क्षमता हुन्छ । जहाँ समस्या हुँदैन, त्यहाँ सुखको वातावरण छाएको हुन्छ ।

तर काम गर्ने व्यक्तिहरूमा स्वार्थभावले ठाउँ लिई आफ्नो नाम कमाउने सोच जागृत भयो भने उसको मनले निस्वार्थ सेवालाई फालिदिन्छ । मेहनत ठीक ठाउँमा प्रयोग हुन सक्दैन ।

विहार भनेको नै धर्म प्रचारको लागि हो । धर्मप्रचार गर्नु भनेको नै बहुजन हिताय बहुजन सुखायको लागि हो । अरूको हित गर्ने लक्ष राख्ने व्यक्तिहरूको मनमा आफ्नो नीजि स्वार्थ मात्र पूर्ति गर्ने भावनालाई त्याग्नसक्नु पर्दछ । आफ्नो र अरुको हितउपकारको लक्ष राखी काम गर्नु नै हामी सबैको कर्त्तव्य हुन जान्छ । जहाँ यो कर्त्तव्य पूरा गर्ने सोच राख्छ, त्यहाँ धर्म पालन गरेको ठहरिन्छ । त्यसैले हामी सबैले धर्म पालन गर्ने सोच राखेर नै कार्य गर्न सकौं ।

कार्यक्रमको अन्त्यमा डा. रीना तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने धम्मवती गुरुमांले पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो । ✿

# साधुवाद !



*संघनायक भन्ते बोधिसेन महास्थविरं दाता पञ्चवीर सिंह तुलाधरयात साधुवाद पत्र लः ल्हाना बिज्यासे २०७८ आश्विन १६ बुद्ध विहार, भृकुटीमण्डप यैं ।*

श्रद्धालु दाता श्री पञ्चवीरसिंह तुलाधर पाखें नेपाःया थेरवाद बुद्ध शासनय् प्रव्रजित भिक्षु, श्रामणेर तथा प्रव्रजित गुरूमांपिनिगु भिं उसाय्यात तातुनाः प्रव्रजित स्वास्थ्य अक्षय कोष निस्वनाः आवधिक व्याज रकम जक छ्यलाबुला यासे उगु अक्षयकोषयात परन्तुतक न्ह्याकांन्तु तय्गु लागि रू १,११,११,१११ (एक करोड एघार लाख एघार हजार एकसय एघार) तका दां अखिल नेपाल भिक्षु महासंघयात छगू ज्याभ्वःस लःल्हानादीगु बुखँ प्राप्त जूगु दु। प्राप्त बुखँ अनुसार ज्याभ्वले महासंघया उपाध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविरं लसकुस न्वचू बिया विज्यातसा नेपाःया संघनायक भिक्षु बोधिसेन महास्थविर, संघ उपनायक भिक्षु गुणघोष महास्थविर, अखिल नेपाल भिक्षु महासंघया नायो भिक्षु मैत्री महास्थविर सहित पदाधिकारिपिं व पञ्ञावती गुरूमां, डा. धम्मविजया गुरूमां व दानवती गुरूमांया उपस्थितिस संघनायक महास्थविरयात दातां श्रद्धा दान लःल्हाःगु खः ।

वयां लिपा दातायात श्रद्धेय संघनायक भन्तेनं भिक्षु महासंघपाखें विशेष साधुवाद – पत्र लःल्हाना बिज्याःगु खः ।

ज्याभ्वले दाता पंञ्चवीर सिंह तुलाधरं थेरवादी भन्ते गुरूमांपिनि स्वास्थ्योपचारया लागि भिक्षु महासंघ न्हयज्यानाः मूल धन सुरक्षित यासे अक्षय कोष मार्फत निरन्तर गुहालि इनेज्या जुयातुं वनीगु व अक्षय कोष बृद्धि जुयावं वनीगु बिचाः व आशा प्वंकादिल ।

अथेहे महासचिव भिक्षु कौण्डञ्ञं दाताः पञ्चवीर सिंहया सदिच्छाकथं हे थेरवाद बुद्ध शासनय् समर्पितपिं भिक्षु, श्रामणेर व प्रव्रजित गुरूमांपिनिगु लागि निर्देशिका सहित भिक्षु महासंघपाखें पारदर्शीरूपं अक्षय कोषया आवधिक ब्याज रकम सदुपयोग याय्गु ज्वी धकाः प्रतिवद्धता नं प्वंकाबिज्यात ।

उगु हे ज्याभ्वले नेपाल परम्परागत बुद्ध धर्म संघया नायो प्रा.डा. नरेशमान वज्राचार्यं लसता नुगः खँ प्वंकुसे संघपाखें १ लाख गुहालि घोषणा याना बिज्याःगु खःसा उपासक स्वयम्भूवीर सिंह व हितलक्ष्मी कंसाकारपाखें ४ लाख, युवा बौद्ध समूह यैं पाखें १ लाख, पूर्ण-मथुरा स्मृति कोष पाखें १ लाख ११ हजार १ सय ११, न्हुच्छेमाया तुलाधर पाखें १ लाख ५ हजार, सानुबाबु सायमी व भगवान् देबी मानन्धर पाखें १ लाख, बलराम व उमा चित्रकारपाखें १ लाख, दि. अमृतसागर व दि. केशलक्ष्मी तुलाधरया पुण्य स्मृतिस १ लाख, दि. नीरशोभा चित्रकारया पुण्य स्मृतिस ५० हजार, मोहन देबी चित्रकार पाखें ५० हजार, शान्तलक्ष्मी बज्राचार्यपाखें ५० हजार रकम श्रद्धा दान घोषणा याःगु खः । ज्याभ्वले नेपाःया संघनायक भिक्षु बोधिसेन महास्थविरं थुकथं श्रद्धादान यानादीपिं दातापिं सहित सकलसितं आयु आरोग्य कामना याना बिज्यातसा भिक्षु महासंघ पाखें परित्राण पाठ यासे सकलसित साधुवाद ज्ञापन जुल । ✿

आवरण चित्र परिचय

# सही यज्ञ

✍ कल्याण मित्र सत्यनारायण गोयन्का
अनुवाद- **वीर्यवती**

श्रेणिक बिम्बिसारद्वारा दान दिइएको अत्यन्त समृद्ध खाणुमत क्षेत्रका स्वामी कूटदन्तले यहाँ एक महान यज्ञको आयोजना गऱ्यो। उक्त यज्ञमा सम्मिलित हुनको लागि टाढा टाढाबाट अनेक प्रसिद्ध प्रसिद्ध ब्राह्मणहरू आएका थिए। संयोगवस त्यही समयमा भगवान बुद्ध पनि चारिका गर्नुहुँदै भिक्षु संघका साथ त्यहाँ आइपुग्नु भयो। खानुमत गाउँ निवासी ब्राह्मणहरूको समूह-समूह मिली भगवान् बुद्ध दर्शन गर्नका लागि आए। उनीहरूलाई देखी कूटदन्तले पनि भगवान् बुद्ध दर्शन गर्नका लागि जाने इच्छा गरे। यो देखी उसकाहाँ आएका अनेक ब्राह्मणहरूले कूटदन्तको यो निर्णयलाई बिरोध गरे र भने –

कूटदन्तको प्रसिद्धि र प्रतिष्ठालाई कदर गरी श्रमण गौतम कूटदन्तलाई भेटघाट गर्नको लागि आफै आउनुपर्छ।

यो कुरो सुनी कूटदन्तले भन्यो –

श्रमण गौतम महान हुनुहुन्छ, उहाँ दुवै तर्फबाट सुजात हुनुहुन्छ। उहाँले गणतन्त्रको राजघरानलाई त्यागी प्रव्रजित हुनु भएको छ। उच्च क्षत्रियकुल त्यागी महाधनी महाभोगवान् कूल त्यागी प्रव्रजित हुनुभयो। उहाँ प्रबल शीलवान् हुनुहुन्छ। उहाँ प्रसिद्ध सुवक्ता हुनुहुन्छ। अनेक व्यक्तिहरूका आचार्य, प्राचार्य हुनुहुन्छ। कामतृष्णाबाट मुक्त हुनुहुन्छ संयमी हुनुहुन्छ। विद्या आचरण-सम्पदा-सम्पन्न हुनुहुन्छ। उहाँको विषयमा यति मंगलकीर्ति शब्द फैलिरहेको छ, कि उहाँ बत्तिस महापुरुष लक्षणधारी हुनुहुन्छ। उहाँ हाम्रो खाणुमत गाउँको पूजनीय अतिथि हुनुहुन्छ। यस्तो महापुरुषको समक्ष सम्मानपूर्वक मलाई नै जानुपर्ने हुन्छ।

कूटदन्त भगवान् बुद्ध दर्शन गर्नको लागि गयो। भगवान् बुद्धले पुरातन कालका शुद्ध यज्ञहरूको विषयमा सविस्तार बताउने गर्नुहुन्छ भनी सुनिराखेका थिए उसले। त्यसबेला यज्ञमा पशुबलि दिईदैनथ्यो। भगवान् बुद्ध पशुबलि प्रति विरोधी हुनुहुन्थ्यो। त्यसैले उहाँ गौबलि प्रति पनि बिरोधी हुनुहुन्छ।

जब यज्ञमा बलि आरम्भ भयो, तब अश्वमेघ, बाजपेय्य, नरमेध, निरर्गलमेध जस्ता हिंसक यज्ञ आरम्भ हुनथाले। तर गौमेध एउटा भने वर्जित गरिएको थियो। किनभने गाई हाम्रा माता र बंधु-बांधव समान हाम्रा परम मित्र हुन्। गाईबाट औषधि उत्पन्न हुनेगर्छ। तर केही समय पश्चात् उनीहरूले गोमेध यज्ञ पनि आरम्भ गर्न थाले। भगवान् बुद्धले भन्नुभयो–

"जुन गाईले न कसैलाई खुट्टाले, न सिंगले, न शरीरका कुनै अंगले हिंसा गर्छ, जुन प्राणी भेडा जस्तै सीधा (निर्दोष) छ, जसले घडा भरि दुध दिने गर्छिन् त्यस्तो शान्त र निर्दोष प्राणीलाई सिंग समातेर शस्त्र प्रयोग गरी गोमेध यज्ञ आरम्भ गरियो। यसरी जब गाईहरू प्रति शस्त्रघात गरियो, तब देवता, पितृ, इन्द्र, असुर तथा राक्षस आदि सबै चिल्लाउँदै विरोध गर्दै भने – "अधर्म भइयो।"

कूटदन्तले सोच्यो – "यहीं अधर्म कार्य त मैले गर्न गइरहेको छु।"

उसले उसको विशाल यज्ञस्थलमा बलि दिनको लागि सातसयवटा गोरु, सातसयवटा बाच्छाहरू, सातसयवटा बाच्छिहरू, सातसयवटा बाखीहरू, सातसयवटा भेडाहरू यज्ञ स्थलको स्तम्भहरूमा बाँधि राखेका थिए।

भगवान् बुद्धको तर्फबाट पुरातनकालदेखि हिंसा विरोधी यज्ञका सुख वर्णन सुन्दा सुन्दै उसमा होश जाग्यो। यज्ञको नाममा हुन लागेका घोर हिंसाबाट उसले अलग्ग रहन थाल्यो। उसले यज्ञको लागि गाईलाई त बाँधेर राखेको थिएन। तर गोरु र बाच्छीहरू त बाँधिएका थिए। यिनीहरूलाई बलि दिनु पनि महापाप नै हो।

अन्य निरपराध निर्दोष पशुहरूलाई बलि दिनु पनि कम पाप होइन। यस कार्यलाई सम्झी उसले सबै बाँधिएका पशुहरूलाई मुक्त गरिदिए। उनीहरूलाई जीवनदान दिएर हरिया घाँसमा चर्न पठाए। चिसो पानी पिउन र खुला हावामा विचरण गर्ने मौका प्रदान गरे।

यस शुभकार्य पूरा गरी कूटदन्त भगवान् बुद्धको शरणागत उपासक भए। भगवान् बुद्धले सिकाउनु भएको शील, समाधि र प्रज्ञाको पावन यज्ञमा सामिल भए। उसले यही ठीक तरिकाको यज्ञ हो भन्ने कुरालाई राम्ररी बुझ्फे। यसरी कूटदन्त ब्राह्मण धन्य भए।

**यथा माता पिता भाता, अञ्ञे वापि च ञातका।**
**गावो नो परमा मित्ता, पासु जायन्ति ओसधा॥**

*( - सुत्त निपात ७, १३, ब्राह्मण धम्मिक सुत्त )*

जसरी आमा-बुबा, भाई र अन्य बन्धु-बान्धब छन्, त्यसरी नै गाईहरू हाम्रा परम मित्र हुन्, उनीहरूबाट हामीलाई आवश्यक औषधि उत्पन्न हुन्छन्।

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४५३४८५०, ४५३४७५३ | email: newnepalpress011@gmail.com